# ह्युमन प्यापिलोमाभाइरस (एच.पि.भी) खोप

Human papillomavirus (HPV) vaccine

नेशनल हेल्थ एण्ड मेडिकल रिसर्च काउन्सिलद्वारा विद्यालय खोप कार्यक्रममा किशोरकिशोरीहरूको लागि सिफारिश गरेका खोपहरू एन.एस.डब्ल्यु. हेल्थ (NSW Health) ले प्रदान गर्छ। बाबुआमा / अभिभावकले हस्ताक्षर गरेको मन्जुरी उपलब्ध गराउनु पर्नेछ।

## तपाईंले गर्नु पर्ने अन्य कुराहरु

- यो जानकारी पत्र ध्यान दिएर पढ्नुहोस्।
- यदि तपाईं आफ्नो बच्चालाई ह्युमन प्यापिलोमाभाइरस (एच.पि.भी.) विरूद्ध खोप दिन चाहनुहुन्छ भने यो मन्जुरी फारम पूरा भर्नुहोस् र हस्ताक्षर गरेको मन्जुरी फारम आफ्नो बच्चा मार्फत विद्यालयमा फर्काई दिनुहोस्।
- यदि तपाईं आफ्नो बच्चालाई मिजल्स (दादुरा), मम्प्स (गल्फू रोग) र रुबेला विरूद्ध खोप दिन चाहनु हुन्न भने मन्जुरी फारम नभर्नुहोस् अथवा फिर्ता नगर्नुहोस्।

## प्रश्न. एच.पि.भी. भनेको के हो र यो कसरी फैलिन्छ ?

ह्यूमन प्यापीलोमाभाइरस (एच.पि.भी.) भनेको महिला र पुरूष दुवैलाई असर पार्ने सामान्य भाइरस हो। यो भाइरस भएको कुनै व्यक्तिसँग यौन क्रियाकलापमा हुँदा यौनाङ्ग सम्पर्कबाट एच.पि.भी. फैलिन्छ। यो भाइरस छालाको अति सुक्ष्म प्वालहरुबाट छिर्छ र रगत वा अन्य शारीरिक तरल पदार्थहरुबाट सर्दैन। कण्डमहरु प्रयोग गर्दा पूरै यौनाङ्गको छालाको भाग नछोप्ने हुनाले सीमितरुपमा मात्र सर्नबाट बचाउँछ।

यौन क्रियाकलापमा सक्रिय हुने धेरैजसो मानिसहरूको जीवनको कुनै समयमा लैंगीक एच.पि.भी. संक्रमण हुन सक्छ। शरीरले आफै संक्रमणलाई प्राकृतिक रूपमा प्राय: सफा गर्ने भएकोले कुनै लक्षणहरू देखिदैन भने, त्यसले कहिले कहिं निम्न लगायत गम्भीर बिरामी बनाउन सक्छ:

- प्राय: सबै किसिमको सर्भिकल क्यान्सर
- मलद्वारमा हुने क्यान्सरको 90%
- योनीद्वारमा हुने क्यान्सरको 65%
- ओरोफारिन्जील क्यान्सर (गलाको पछाडीपट्टी हुने क्यान्सर) को 60%
- योनी क्यान्सरको 50%
- पुरुष लिङ्ग (पेनाइल) क्यान्सरको 35%
- प्राय: सबै किसिमको लैंगिक वार्ट्स

पुरुषहरुलाई खोप लगाउनाले पुरुषमा हुने क्यान्सरहरु र जेनाइटल वार्टस् (genital warts) बाट बचाउँछ र, महत्वपूर्णरूपमा, त्यसले महिलालाई सर्भिकल क्यान्सरहरूबाट पनि बचाउँछ।

## प्रश्न. खोपहरूले कसरी काम गर्छ ?

खोपहरूले केही खास संक्रमणहरूसँग प्रतिरक्षा प्रणालीद्वारा लड्नलाई सहायता गर्ने काम गर्छ। यदि खोप लगाएको व्यक्ति यस्ता संक्रमणहरूको सम्पर्कमा आयो भने, उसको प्रतिरक्षा प्रणालीले अझ प्रभावकारी रूपमा प्रतिक्रिया देखाएर रोगलाई बढ्नबाट रोक्न वा यसको गम्भीरतालाई धेरैहदसम्म घटाउन सक्षम हुन्छ।

## प्रश्न. कुन खोप प्रयोग गरिन्छ ?

9 प्रकारका एच.पि.भी. (6, 11, 16, 18, 31, 33, 45, 52 र 58) विरुद्ध बचाउने एच.पि.भी खोप प्रयोग गरिन्छ।

## प्रश्न. मेरो बच्चालाई एच.पि.भी. को कति वटा डोजहरू चाहिन्छ?

अष्ट्रेलियाली निर्देशनहरूले हाल छ महिनाको अन्तरालमा एच.पि.भी. खोपको दुई वटा डोजहरू दिन सिफारिस गरेको छ। अन्तर्राष्ट्रिय प्रमाणहरूले एच.पि.भी. खोपको एक डोजले पर्याप्त सुरक्षा दिनसक्ने सङ्केत गर्दछ। यदि हालको अस्ट्रेलियाली सिफारिसहरू एच.पि.भी. खोपको दुई डोजहरूबाट एक डोजमा परिवर्तन भएमा एन.एस.डब्ल्यू. हेल्थ (NSW Health) ले तपाईंलाई सम्पर्क गर्नेछ।

केही किशोरकिशोरीहरूलाई एच.पि.भी. खोपको 3-डोज (खुराक) भएको तालिका को लागि सिफारिस गरिन्छ र उनीहरूले दोस्रो खुराक लिएको कम्तीमा 4 महिनापछि आफ्नो जी.पी. (GP) सँग तेस्रो खुराक लिने व्यवस्था मिलाउनु पर्छ। यसमा 15 वर्ष वा सोभन्दा बढी उमेरमा एच.पि.भी. खोपको पहिलो खुराक लिएका विद्यार्थीहरू समेत पर्दछन्। प्रतिरक्षा प्रणालीमा उल्लेखनीय कमी कमजोरीहरू भएका विद्यार्थीहरूलाई उनीहरूको जी.पी. सँग एच.पि.भी. खोपको 3 वटा डोज (खुराक) हरू लगाउन सिफारिस गरिन्छ, जसलाई प्राथमिक वा माध्यमिक प्रतिरक्षाप्रणालीका कमी कमजोरीहरू (बि लिम्फोसाइट एन्टीबडी र टि लिम्फोसाइटका पूरा वा आंशिक कमी कमजोरीहरू); एच. आइ. भी. संक्रमण; म्यालिग्नान्सि; अङ्ग प्रत्यारोपण; वा उल्लेखनीय इम्युनोसप्रेसिभ थेरापी (एस्प्लेनिया वा हाइपोस्प्लेनिया बाहेक) भएको व्यक्ति भनी परिभाषित गरिएको छ।

## प्रश्न. कसले खोप लिनु पर्छ ?

12 वर्ष देखि 15 वर्ष उमेर मुनिका सबै गहन अङ्ग्रेजी केन्द्रहरु (Intensive English Centres) का विद्यार्थीहरुले एच.पि.भी. खोपको 2-मात्रा तालिका अनुसार लिनुपर्छ। 15 वर्ष र माथि उमेरका सबै विद्यार्थीहरु, र जसका उल्लेखनीयरुपमा प्रतिरक्षा प्रणालीहरु बिग्रिएकाहरुलाई (मेरो बच्चालाई एच.पि.भी. को कति वटा डोजहरू चाहिन्छ? को जवाफ हेर्नुहोला) एच.पि.भी. खोपको 3-मात्रा दिने तालिका अनुसार खोप दिनुपर्छ। यसो गर्दा दोस्रो मात्रा लिएको 4 महिना पछि उनीहरुको डाक्टरबाट तेस्रो मात्रा दिइन्छ। थप जानकारीको लागि, तपाईंको स्थानीय जन स्वास्थ्य इकाईको 1300 066 055 नम्बरमा सम्पर्क गर्नुहोला।

## प्रश्न. कसलाई खोप दिन हुदैन ?

एच.पी.भी. खोप निम्न व्यक्तिहरूलाई दिनु हुँदैन:

- गर्भवती भएमा अथवा हुने सम्भावना छ भने।
- पहिले खोप लगाएपछि एनाफाइलेक्सिस भएको छ भने
- खोपमा भएको मिश्रणको कारणले एनाफाइलेक्सिस भएको छ भने (तल सुचिकृत गरिएको)
- यीस्ट (yeast) को कारणले पहिला एनाफाइलेक्सिस भएको छ भने।

## प्रश्न. यो खोप कत्तिको प्रभावकारी छ ?

बढी जोखिमयुक्त प्रकारका एच.पि.भी. जसले महिलामा 90 प्रतिशत भन्दा बढी सर्भिकल क्यान्सर गराउँछ, त्यस विरूद्ध यस खोपले बचाउँछ र पुरुषमा हुने क्यान्सर गराउन मद्दत गर्ने अतिरित्त प्रकारका एच.पि.भी. विरुद्ध पनि सुरक्षा प्रदान गर्छ।

सबैभन्दा पछिल्लो अनुसन्धानले सो खोपले अझै पनि खोप दिएको 10 वर्षभन्दा पनि बढी समयसम्म झण्डै 100% सुरक्षा प्रदान गर्ने देखाएको छ। सर्भिकल क्यान्सर सामान्यतया 10 वर्ष वा अझै बढी समयमा विकसित हुनेहुँदा सो क्यान्सरको न्यूनिकरणमा उक्त खोपको भूमिका केही समयका लागि स्पष्ट हुँदैन।

तथापि झण्डै 75% सर्भिकल क्यान्सरका लागि जिम्मेवार एच.पि.भी. (HPV) का प्रकारहरुमा 77% कमी देखिएको छ।

## प्रश्न. यदि मैले बच्चाको उमेर बढ्नजेल पर्खिन चाहें भने के हुन्छ ?

यौन कृयाकलापमा सक्रिय हुनु अघि किशोरकिशोरीहरूलाई एच.पि.भी. खोप दिएमा सबैभन्दा बढि प्रभावकारी हुन्छ। यो खोप तपाईंको बच्चा इन्टेन्सिभ ईंग्लिस सेन्टर वा कक्षा 7 मा हुँदा सक्कल मन्जुरी पत्र फिर्ता बुझाएपछि स्कूलमा मात्र दिन सकिन्छ। यदि तपाईंले तपाईंको बच्चा ठूलो भइन्जेल पर्खिन चाहनु भयो भने तपाईंले जी.पी. (GP) सँग खोप दिलाउने व्यवस्था मिलाउनु पर्छ।

## प्रश्न. खोपमा के एडिटिभ्स (मिश्रण) मिसाइएको हुन्छ ?

खोपमा यीस्ट, एलुमिनिइम एडजुभेन्ट, सोडियम क्लोराइड, एल-हिस्टीडाइन, पोलीसोरबेट र सोडियम बोरेट मिसाइका हुन्छन्। यी मिश्रणहरू खोपमा ज्यादै सानो परिमाणमा समावेश गरिएको हुन्छ ताकी त्यसले खोपलाई काम गर्न सहायता पुर्‍याउँछ वा खोपलाई संरक्षित राख्ने वस्तुकोरुपमा कार्य गर्छ।

## प्रश्न. खोपहरू कतिको सुरक्षित छन् ?

अष्ट्रेलियामा प्रयोग हुने खोपहरू सुरक्षित छन् र थेराप्युटिक गुड्स एडमीनीस्ट्रेशन (Therapeutic Goods Administration; TGA) बाट पारित हुनुअघि कडा सुरक्षा परीक्षण पास गर्नुपर्छ। यसको साथै TGA ले प्रयोगमा आएका खोपहरूको सुरक्षा अनुगमन गर्छ।

## प्रश्न. खोपबाट हुने अन्य असरहरू के के हुन् ?

सामान्यतया यसको असरहरु हल्का हुन्छन् र प्रायः सुई दिईएको ठाउँमा दुख्ने, सुन्निने अथवा रातो हुने जस्तो हुन्छन्। गम्भीर किसिमका असरहरू अत्याधिक दुर्लभ हुन्छन्। एच.पि.भी. (HPV) खोप दिएपछि सम्पर्क गरिएका एन.एस.डब्ल्यु. का अभिभावकहरूका अनुसार 9% विद्यार्थीहरूमा हल्का असरहरू देखिएको थियो भने केवल 0.4% लाई मात्र चिकित्सकीय रेखदेखको आवश्यकता परेको थियो। खोपको असरहरुको बारे थप जानकारी उपभोक्ता औषधी सूचना (सीएमआई) मा www.health.nsw.gov.au/schoolvaccination मार्फत प्राप्त गर्न सकिन्छ। खोप दिए पश्चात् अतिरिक्त असरहरुप्रति चासो राख्ने बाबुआमाहरुले जी.पी. (GP) लाई सम्पर्क गर्नुपर्छ, जसले स्थानीय जन स्वास्थ्य इकाईमा खबर गरिदिनु पर्छ।

## प्रश्न. एनाफाइलेक्सीस भनेको के हो ?

एनाफाइलेक्सीस (Anaphylaxis) अचेत हुने र चाँडो उपचार गरिएन भने मृत्यु नै हुनसक्ने गम्भीर एलर्जीक प्रतिक्रिया हो। **खोप दिएपछि यस्तो देखिने एकदमै दुलर्भ हुन्छ।** विद्यालयमा खोप दिने नर्सहरू एनाफाइलेक्सीसको उपचारको लागि पूर्ण तालिमप्राप्त हुन्छन्।

## प्रश्न. के मेरो छोरीले अझै प्याप इस्मीयर गराउनुपर्छ ?

पर्छ। एच.पि.भी. खोपले एच.पि.भी.का कारण हुने सबै प्रकारका सर्भिकल क्यान्सर विरूद्ध बचाउन नसक्ने भएकोले खोप दिइने महिलाहरुको लागि नियमित सर्भिकल स्क्रिनिङ्ग (पहिले प्याप स्मियर भनिने) को अझै महत्व छ।

25 वर्ष उमेरदेखिका यौन कृयाकलापमा सकृय रहेका सबै महिलाहरूले एच.पि.भी. खोप लिइसकेको भए पनि नभए पनि सर्भिकल स्क्रिनिङ्ग परीक्षण प्रत्येक 5 वर्षमा गराउनु पर्छ।

## प्रश्न. यदि मेरो बच्चालाई दम (asthma) छ र पफर (puffer) द्वारा कोर्टिसोन (cortisone) अथवा प्रेडनीसोन (prednisone) लिने गरेको छ भने के हुन्छ ?

दमको कारणले जुनसुकै औषधि लिएको भएतापनि सुरक्षित तरीका अपनाएर कसैलाई यो खोप दिन सकिनेछ।

## प्रश्न. खोप दिनको लागि कसले मञ्जुरी दिन सक्छ र के मञ्जुरी फिर्ता लिन सकिन्छ ?

18 वर्ष उमेर मुनिका विद्यार्थीहरुको लागि खोप दिन बाबुआमा/अभिभावकहरुले मात्र मञ्जुरी दिन सक्छन्। 18 वर्ष र त्यस माथि उमेरका विद्यार्थीहरुले आफ्नै खोपको लागि मञ्जुरी दिन सक्छन् र उनीहरुले अनुमति फारम भरी 'बाबुआमा / अभिभावकहरु' संकेत गरिएको ठाउँमा हस्ताक्षर गर्नुपर्छ।

स्कूललाई मञ्जुरी फिर्ता गर्ने लिखित सुचना दिएर वा मञ्जुरी फिर्ताको लागि स्कूलमा फोन गरेर कुनै पनि समयमा मञ्जुरी फिर्ता लिन सकिन्छ।

## प्रश्न. गर्भवती भएका अथवा हुन सक्ने आशंका भएका महिला विद्यार्थीलाई खोप दिन मिल्छ ?

मिल्दैन। गर्भवती भएका, अथवा आफू गर्भवती भएको हुनसक्ने आशंका गरिरहेका महिला विद्यार्थीलाई खोप दिन मिल्दैन। खोप दिने दिनमा नर्सहरूले महिला विद्यार्थीहरूलाई गर्भवती भएको अथवा हुन सक्ने आशंका छ कि भनेर सोध्नेछन्। यदि विद्यार्थीले छ भन्ने उत्तर दिएमा उसलाई खोप दिइने छैन। अनि सो विद्यार्थीलाई तुरून्तै यस विषयमा आफ्नो बाबुआमा / अभिभावकसँग छलफल गर्न र चिकित्सकको सहायता लिन आग्रह गरिनेछ। यसको साथै उनीलाई सल्लाह, सहयोग र निर्देशनको लागि स्वास्थ्य सिफारिस सेवाको सम्पर्क विवरणहरू दिइनेछ।

## प्रश्न. विद्यालयमा नर्स आएको दिन मेरो बच्चा बिरामी वा अनुपस्थित भएर खोप लगाउन छुट्यो भने मैले के गर्न सक्छु ?

तपाईंले आफ्नो स्थानीय डाक्टरलाई सम्पर्क गरेर खोप लगाउने व्यवस्था मिलाउनु पर्छ।

## प्रश्न. मैले कसरी खोपहरूको रेकर्ड प्राप्त गर्न सक्छु?

तपाईंको बच्चाको खोपहरूको जानकारी अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (Australian Immunisation Register; AIR) मा अपलोड गरिनेछ ता कि यसलाई तपाईंको बच्चाको इम्युनाइजेशन इतिहाससँग जोड्न सकिन्छ।

अभिभावकहरूले आफ्नो बच्चा १४ वर्ष नपुगन्जेलसम्म कुनै पनि समयमा आफ्नो बच्चाको ए.आई.आर. इम्युनाइजेशन हिस्ट्री स्टेटमेन्ट (AIR Immunisation History Statement) को लागि अनुरोध गर्न सक्छन्, र १४ वर्ष र त्यसभन्दा बढी उमेरका विद्यार्थीहरूले आफ्नो इम्युनाइजेशन इतिहासको विवरणको लागि निम्न बमोजिम अनुरोध गर्न सक्छन्:

- मेडिकेयर अनलाइन एकाउन्ट प्रयोग गरेर myGov my.gov.au/ मार्फत
- मेडिकेयर एक्सप्रेस प्लस एप (Medicare Express Plus App) प्रयोग गरेर www.humanservices.gov.au/individuals/subjects/express-plus-mobile-apps
- ए.आई.आर. साधारण सोधपुछ (AIR General Enquiries) लाई 1800 653 809 मा फोन गरेर।

## प्रश्न. मेरो बच्चाको बारेमा दिइएको जानकारीलाई के गरिन्छ ?

मन्जुरी फारममा तपाईंले दिएको जानकारीहरू एन.एस.डब्ल्यु. र कमनवेल्थको कानुनमा भएको कडा गोपनीयता (confidentiality and privacy) प्रावधानहरूको अधीनमा रहनेछन् (संलग्न प्राइभेसी स्टेटमेन्ट हेर्नुहोस्)। यी सूचनालाई एन.एस.डब्ल्यु. स्वास्थ्य इम्युनाइजेशन रजिष्टरमा प्रविष्ट गरिनेछ र त्यसपछि अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ ताकि यो तपाईंको बच्चाको विद्यमान इम्युनाइजेशन ईतिहाससँग जोड्न सकिनेछ र माईगभ (MyGov) मा हेर्न सकिनेछ।

**एच.पि.भी. खोप लिने महिला विद्यार्थीहरु** – यस मन्जुरी फारममा हस्ताक्षर गरेर, तपाईंले भविष्यमा नेशनल सर्भिकल स्क्रिनिङ्ग प्रोग्राम (National Cervical Screening Program) रजिष्टरसँग सम्पर्क स्थापित गर्न आफ्नो बच्चाको स्वास्थ्य जानकारी खुलासा गर्न मन्जुरी दिनु भएको छ।

## प्रश्न. विद्यालयमा खोप कार्यक्रमको बारेमा थप जानकारी मैले कहाँ प्राप्त गर्न सक्छु ?

थप जानकारी निम्नानुसार प्राप्त गर्न सकिन्छ :

- एन.एस.डब्ल्यु. हेल्थ (NSW Health) को वेवसाइट www.health.nsw.gov.au/schoolvaccination मा गएर,
- तपाईंको स्थानीय पब्लिक हेल्थ युनिटलाई 1300 066 055 मा सम्पर्क गरेर।

October 2022 © NSW Ministry of Health. SHPN (HP NSW) 220730-1-16

## खोप दिएपछि के गर्ने

- यसको रेकर्ड राख्नुहोस्, किनभने तपाईंले पछि यो जानकारी उपलब्ध गराउन आवश्यक पर्न सक्नेछ।
- तपाईंको बच्चाको खोपसँग सम्बन्धित जानकारी स्वत: अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ। तपाईंले खोप मितिको बारेमा आफ्नो जी.पी. लाई अपडेट गर्न सक्नुहुन्छ।

## यदि खोप लगाएको ठाँउमा कुनै दुष्प्रभाव देखिएमा के गर्ने

- ठीक पार्नलाई खोप लगाएको ठाउँमा भिजेको चिसो कपडा राख्ने।
- दुखाइको लागि पारासिटामोल लिने।
- थप मात्रामा झोल पदार्थ पिउने।

**यदि खोपको कारणले तपाईंको बच्चामा असर देखिएकोले तपाईंलाई चिन्तित बनाएको छ भने कृपया आफ्नो स्थानीय डक्टरसँग सम्पर्क गर्नुहोस्।**

NSW GOVERNMENT


## खोप दिएपछि के गर्ने

- यसको रेकर्ड राख्नुहोस्, किनभने तपाईंले पछि यो जानकारी उपलब्ध गराउन आवश्यक पर्न सक्नेछ।
- तपाईंको बच्चाको खोपसँग सम्बन्धित जानकारी स्वत: अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ। तपाईंले खोप मितिको बारेमा आफ्नो जी.पी. लाई अपडेट गर्न सक्नुहुन्छ।

## यदि खोप लगाएको ठाँउमा कुनै दुष्प्रभाव देखिएमा के गर्ने

- ठीक पार्नलाई खोप लगाएको ठाउँमा भिजेको चिसो कपडा राख्ने।
- दुखाइको लागि पारासिटामोल लिने।
- थप मात्रामा झोल पदार्थ पिउने।

**यदि खोपको कारणले तपाईंको बच्चामा असर देखिएकोले तपाईंलाई चिन्तित बनाएको छ भने कृपया आफ्नो स्थानीय डक्टरसँग सम्पर्क गर्नुहोस्।**

NSW GOVERNMENT


220730-2-16



# एच.पी.भी. खोपको लागि मन्जुरी

NSW GOVERNMENT

आमा बुवा / अभिभावकले भर्नुपर्ने। कृपया **कालो** अथवा **निलो** कलम प्रयोग गरी **ठूलो अक्षरमा** लेख्नुहोस् ।

### 1. विद्यार्थीको विवरण

थर

नाम

जन्म मिति __ __ / __ __ / __ __ __ __

लिङ्ग ☐ पुरूष ☐ महिला ☐ अनिश्चित/अन्तरलिंगी/अनिर्दिष्ट

कक्षा

विद्यालयको नाम

मेडिकेअर नम्बर

☐ मेडिकेअर कार्डमा तपाईंको बच्चाको नामको छेउमा भएको नम्बर

### 2. आदिबासी (Indigenous) सम्वन्धी जानकारी

☐ होइन ☐ हो, एवोरीजिनल (आदिवासी) ☐ हो, टोरेस् स्ट्रेट आइल्याण्डर ☐ हो, एवोरीजिनल (आदिवासी) र टोरेस् स्ट्रेट आइल्याण्डर दुवै

### 3. तपाईंको विवरण – आमाबुवा अथवा कानुनीरुपले अभिभावक

एच.पी.भीको खोपबाट हुने फाइदाहरू तथा त्यसको कारणबाट हुनसक्ने सम्भावित असरहरूको बारेमा दिइएको जानकारीहरू मैले पढें र बुझें।

म माथि उल्लेखीत नाम भएको मेरो बच्चालाई एच.पी.भि को २ मात्रा खोप लिन र उसको स्वास्थ्यको जानकारी नेशनल एच पी भी रजिष्टरलाई (राष्ट्रिय एच.पी.भि खोप कार्यक्रम दर्ता) दिन र नेशनल एण्ड स्टेट सर्भिकल स्क्रिनिङ्ग प्रोग्रामसँग सम्बन्धित गराउन (महिला मात्र) मन्जुरी दिन्छु।

मलाई थाहा भए अनुसार म घोषणा गर्छु कि मेरो बच्चालाई :

1. खोप लिए पछि कुनै एनाफाइलेक्टिक (अचेत हुने र चाँडो उपचार गरिएन भने मृत्यु नै हुनसक्ने एलर्जिक प्रतिकृया) असर भएको छैन।
2. अभिभावकका लागि दिइएको जानकारी पत्रमा उल्लेख भए अनुसार खोपमा भएका तत्वहरूबाट अति संवेदनशील असर भएको छैन।
3. गर्भवती छैन।

आमाबुवा / अभिभावकको नाम (उदाहरणको लागि JOHN SMITH)

घरको ठेगाना (उदाहरणको लागि 5 SMITH LANE)

सबर्व पोष्टकोड

मोबाइल नम्बर

भरपर्दो वैकल्पिक नम्बर (एरिया कोर्ड सहित उदाहरणको लागि 02)

आमाबुवा / अभिभावकको सही

✕

मिति __ __ / __ __ / 2 0 __ __

## एच.पी.भी खोपको रेकर्ड

✍ आमाबुवा / अभिभावकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

### कार्यालय प्रयोजनको लागि मात्र

**पहिलो मात्रा**

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24घण्टा)

खोपको ब्याच नम्बर

नर्स (परिचालिका) को सही ✕

मिति __ / __ 20__

**दोस्रो मात्रा**

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24घण्टा)

खोपको ब्याच नम्बर

नर्स (परिचालिका) को सही ✕

मिति __ / __ 20__

### नर्स (परिचालिका) को टिपोट

खोप नदिनाको कारण

- ☐ अनुपस्थित
- ☐ असहमति जनाउनु अर्थात इन्कार गर्नु
- ☐ सन्चो नभएको
- ☐ सही नगरेको
- ☐ मन्जुरी फिर्ता लिएको
- ☐ अन्य

## आमाबुवा / अभिभावक एच.पी.भी खोपको रेकर्ड

### एच.पी.भी खोपको रेकर्ड — पहिलो मात्रा

✍ आमाबुवा / अभिभावकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

#### कार्यालय प्रयोजनको लागि मात्र

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24घण्टा) __ __ : __ __

खोपको ब्याच नम्बर

नर्स (परिचालिका) को सही ✕

मिति __ / __ ____

### एच.पी.भी खोपको रेकर्ड — दोस्रो मात्रा

✍ आमाबुवा / अभिभावकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

#### कार्यालय प्रयोजनको लागि मात्र

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24घण्टा) __ __ : __ __

खोपको ब्याच नम्बर

नर्स (परिचालिका) को सही ✕

मिति __ / __ ____

उदाहरणको लागि मात्र
यो मन्जुरी फारम अंग्रेजीमा अनुदित

# डिप्थेरिया (भ्यागुते रोग), टेटानस (धनुष्टंकार) र परट्यूससिस (लहरे खोकी) (डी.टी.पी.ए.) खोप

Diphtheria, tetanus and pertussis (dTpa) vaccine

नेशनल हेल्थ एण्ड मेडिकल रिसर्च काउन्सिलद्वारा विद्यालय खोप कार्यक्रममा किशोरकिशोरीहरूको लागि सिफारिश गरेका खोपहरू एन.एस.डब्ल्यु. हेल्थ (NSW Health) ले प्रदान गर्छ। बाबुआमा / अभिभावकले हस्ताक्षर गरेको मन्जुरी उपलब्ध गराउनु पर्नेछ।

### तपाईंले गर्नु पर्ने अन्य कुराहरु

- यो जानकारी पत्र ध्यान दिएर पढ्नुहोस्।
- यदि तपाईं आफ्नो बच्चालाई डिप्थेरिया (भ्यागुते रोग), टेटानस (धनुष्टंकार), परट्यूससिस (लहरे खोकी) विरूद्ध खोप दिन चाहनुहुन्छ भने यो मन्जुरी फारम पूरा भर्नुहोस् र हस्ताक्षर गरेको मन्जुरी फारम आफ्नो बच्चा मार्फत विद्यालयमा फर्काई दिनुहोस्।
- यदि तपाईं आफ्नो बच्चालाई डिप्थेरिया (भ्यागुते रोग), टेटानस (धनुष्टंकार), परट्यूससिस (लहरे खोकी) विरूद्ध खोप दिन चाहनु हुन्न भने यो मन्जुरी फारम नभर्नुहोस् अथवा फिर्ता नगर्नुहोस्।

## प्रश्न. डिप्थेरिया (भ्यागुते रोग), टेटानस (धनुष्टंकार) र परट्यूससिस (लहरे खोकी) भनेको के हो ?

**डिप्थेरिया** (भ्यागुते रोग) संक्रामक हुन्छ र सम्भवत जीवनघातक जैविक संक्रमण हो जसले गर्दा श्वासप्रश्वासको जटिल समस्या, हृदयघात र स्नायु क्षती हुन्छ।

**टेटानस** (धनुष्टंकार) एउटा गम्भीर र स्नायु प्रणाली सम्बन्धि प्राय: घातक रोग हो। यो लागेको व्यक्तिलाई गम्भीर पीडायुक्त मांशपेशी ऐंठन हुने, शरीर बटारिने, बंगारा जोडिने हुन्छ। जटिलताहरूमा निमोनिया, भाँचिएका हाडहरू (मांसपेशीको ऐंठनको कारण), श्वासप्रश्वास तन्त्रले काम नगर्ने र हृदयघात पर्दछन्।

**परट्यूससिस** (लहरे खोकी) अत्यन्त संक्रमित जैविक रोग हो जसले धेरै खोकी गराउँछ। किशोरकिशोरी र वयस्कहरूमा 3 महिनासम्म दिक्कलाग्दो खोकी लाग्न सक्छ। कडा खोकीका कारण बान्ता आउने, करङ्ग फ्याक्चर (fractures) हुने, साना साना रक्तनलीहरू चुडिने र हर्निया (hernia) पनि हुनसक्छ। शिशुहरुमा हुने जटिलताहरुमा निमोनिया, मस्तिष्क घात र मस्तिष्क क्षति (हाइपोक्सिक इन्सेफ्यालोप्याथी) पर्दछन्।

## प्रश्न. डिप्थेरिया (भ्यागुते रोग), टेटानस (धनुष्टंकार) र परट्यूससिस (लहरे खोकी) कसरी फैलिन्छ ?

**डिप्थेरिया** (भ्यागुते रोग) को किटाणु संक्रमित व्यक्तिको मुख, नाक, गला अथवा छालामा बस्न सक्छ। संक्रमित व्यक्तिले खोक्दा अथवा हाँछ्यु गर्दा छेउँमा भएको व्यक्तिको श्वासप्रश्वासद्वारा डिप्थेरिया (भ्यागुते रोग) को किटाणु भित्र पस्न सक्छ। संक्रमिक व्यक्तिको मुख, नाक, घाँटी अथवा छालाबाट निस्कने पदार्थ (डिस्चार्जेज) सँग सम्पर्कमा आउँदा पनि डिप्थेरिया (भ्यागुते रोग) लाग्न सक्छ।

**टेटानस** (धनुष्टंकार) माटोमा हुने ब्याक्टेरिया (किटाणु) द्वारा लाग्छ र ठूलो चोट वा सानोतिनो चोट लागेपछि संक्रमण हुनसक्छ (कहिलेकाहीँ थाहा नभईकन छालामा लागेको चोट जसमा माटो, धुलो अथवा मलले दूषित बनाएको हुन्छ)।

**लहरे खोकी** खोक्दा अथवा हाँछ्यू गर्दा आएको सानो तरल थोपाहरूद्वारा मानिसमा फैलिन्छ। लहरे खोकी लागेर उपचार नगरेका व्यक्तिले 3 हप्तासम्म अर्को व्यक्तिहरूमा यो रोग सार्न सक्छ।

## प्रश्न. खोपहरूले कसरी काम गर्छ ?

खोपहरूले केही खास संक्रमणहरूसँग प्रतिरक्षा प्रणालीद्वारा लड्नलाई सहायता गर्ने काम गर्छ। यदि खोप लगाएको व्यक्ति यस्ता संक्रमणहरूको सम्पर्कमा आयो भने, उसको प्रतिरक्षा प्रणालीले अझ प्रभावकारी रूपमा प्रतिक्रिया देखाएर रोगलाई बढ्नबाट रोक्न वा यसको गम्भीरतालाई धेरैहदसम्म घटाउन सक्षम हुन्छ।

## प्रश्न. खोप कतिको प्रभावकारी हुन्छ ?

यो खोप डिप्थेरिया (भ्यागुते रोग) र टेटानस (धनुष्टंकार) बाट सुरक्षा प्रदान गर्न धेरै प्रभावकारी छ र लहरे खोकीबाट सुरक्षा प्रदान गर्न करीब 80 प्रतिशत प्रभावकारी छ।

## प्रश्न. यी रोगहरूबाट बच्न मेरो बच्चालाई खोपको कति मात्राको आवश्यकता पर्दछ ?

डिप्थेरिया (भ्यागुते रोग), टेटानस (धनुष्टंकार) र परट्यूससिस (लहरे खोकी) बाट युवा अवस्थामा चाँडै डी.टी.पी.ए. खोपको 1 डोज लिन आवश्यक छ।

## प्रश्न. कसले खोप लिनुपर्छ ?

डिप्थेरिया (भ्यागुते रोग), टेटानस (धनुष्टार) तथा लहरे खोकी विरुद्ध सुरक्षा प्रदान गर्न सबै किशोरकिशोरीहरूले डी.टी.पी.ए. खोपको 1 डोज लिनुपर्छ। बच्चा हुँदाखेरिदेखि नै पहिले डिप्थेरिया – टेटानस – लहरे खोकीका खोप लिएकाहरुको इम्युनिटी जवान हुँदासम्म जारी राख्न यो बुस्टर खोप अति आवश्यक छ। विगतमा डिप्थेरिया – टेटानस खोप (ए.डी.टी) लिइसकेका विद्यार्थीहरूले लहरे खोकीबाट पनि बच्न डी.टी.पी.ए. खोप लिन सक्छन्।

## प्रश्न. कसलाई खोप दिन हुदैन ?

डी.टी.पी.ए. खोप निम्न व्यक्तिहरूलाई दिनु हुँदैन:

- पहिले दिइएको खोपको मात्राको कारणले एनाफाइलेक्सिस भएको छ भने
- खोपमा भएको मिश्रणको कारणले एनाफाइलेक्सिस भएको छ भने (तल सुचिकृत गरिएको)

## प्रश्न. मेरो बच्चा अलि ठूलो हुने बेलासम्म पर्खिन चाहेमा के हुन्छ ?

डि.टि.पी.ए. खोप तपाईंको बच्चा इन्टेन्सिभ ईंग्लिस सेन्टर वा कक्षा 7 मा हुँदा तपाईंले हस्ताक्षर गर्नुभएको मन्जुरी पत्र फिर्ता बुझाएपछि स्कुलमा मात्र दिन सकिन्छ। यदि तपाईंले तपाईंको बच्चा ठूलो भइन्जेल पर्खिन चाहनु भयो भने तपाईंले जी.पी. (GP) सँग सो व्यवस्था मिलाउनु पर्नेछ।

## प्रश्न. खोपहरू कतिको सुरक्षित छन् ?

अष्ट्रेलियामा प्रयोग हुने खोपहरू सुरक्षित छन् र थेराप्युटिक गुड्स एडमीनीस्ट्रेशन (Therapeutic Goods Administration; TGA) बाट पारित हुनुअघि कडा सुरक्षा परीक्षण पास गर्नुपर्छ। यसको साथै TGA ले प्रयोगमा आएका खोपहरूको सुरक्षा अनुगमन गर्छ।

## प्रश्न. खोपमा के एडिटिभ्स (मिश्रण) मिसाइएको हुन्छ ?

खोपमा एलुमिनीयम हाइड्रोक्साइड र फोस्फेट, फोरमेलडेहाइडका कणहरू, पोलीसोरबेट 80 र ग्लाइसाइन हुन्छन् र उत्पादनको क्रममा यसलाई बोभाइनबाट व्युत्पादित (bovine-derived) सामग्रीहरुको सम्पर्कमा राखिएको हुन्छ।

## प्रश्न. खोपबाट हुने अन्य असरहरू के के हुन् ?

सामान्यतया यसका असरहरु हल्का हुन्छन् जस्तै सुई दिईएको ठाउँमा दुख्ने, रातो हुने, सुन्निने अथवा ज्वरो आउने। गम्भीर किसिमका असर अत्याधिक दुर्लभ हुन्छन्। खोपको असरहरुको बारे थप जानकारी उपभोक्ता औषधी सूचना (सीएमआई) मा www.health.nsw.gov.au/schoolvaccination मार्फत प्राप्त गर्न सकिन्छ। खोप दिए पश्चात् अतिरिक्त असरहरुप्रति चासो राख्ने बाबुआमाहरुले जी.पी. (GP) लाई सम्पर्क गर्नुपर्छ, जसले स्थानीय जन स्वास्थ्य इकाईमा खबर गरिदिनु पर्छ।

## प्रश्न. एनाफाइलेक्सीस भनेको के हो ?

एनाफाइलेक्सीस (Anaphylaxis) अचेत हुने र चाँडो उपचार गरिएन भने मृत्यु नै हुनसक्ने गम्भीर एलर्जीक प्रतिक्रिया हो। **खोप दिएपछि यस्तो देखिने एकदमै दुलर्भ हुन्छ।** विद्यालयमा खोप दिने नर्सहरू एनाफाइलेक्सीसको उपचारको लागि पूर्ण तालिमप्राप्त हुन्छन्।

## प्रश्न. यदि मेरो बच्चालाई सानो छँदा पुरानो तीन एन्टीजेन अथवा डी.टी.पी.खोपले गम्भीर प्रतिकृया देखाएको छ भने के गर्ने ?

तपाईंको बच्चालाई पहिले खोप लगाउँदा तत्कालै गम्भीर एलर्जी अथवा एनाफाइल्याक्टीक प्रतिक्रिया भएको छैन भने, डी.टी.पी.ए खोप लिन सुरक्षित नै हुन्छ।

## प्रश्न. यदि मेरो बच्चालाई दम (asthma) छ र पफर (puffer) द्वारा कोर्टिसोन (cortisone) अथवा प्रेडनीसोन (prednisone) लिने गरेको छ भने के हुन्छ ?

दमको कारणले जुनसुकै औषधि लिएको भएतापनि सुरक्षित तरीका अपनाएर कसैलाई डी.टी.पी.ए. खोप दिन सकिनेछ।

## प्रश्न. खोप दिनको लागि कसले मञ्जुरी दिन सक्छ र के मञ्जुरी फिर्ता लिन सकिन्छ ?

18 वर्ष उमेर मुनिका विद्यार्थीहरुको लागि खोप दिन बाबुआमा/ अभिभावकहरुले मात्र मञ्जुरी दिन सक्छन्। 18 वर्ष र त्यस माथि उमेरका विद्यार्थीहरुले आफ्नै खोपको लागि मञ्जुरी दिन सक्छन् र उनीहरुले अनुमति फारम भरी 'बाबुआमा / अभिभावकहरु' संकेत गरिएको ठाउँमा हस्ताक्षर गर्नुपर्छ। स्कूललाई मञ्जुरी फिर्ता गर्ने लिखित सुचना दिएर वा मञ्जुरी फिर्ताको लागि स्कूलमा फोन गरेर कुनै पनि समयमा मञ्जुरी फिर्ता लिन सकिन्छ।

## प्रश्न. गर्भवती भएका अथवा हुन सक्ने आशंका भएका महिला विद्यार्थीलाई खोप दिन मिल्छ ?

मिल्दैन। गर्भवती भएका, अथवा आफू गर्भवती भएको हुनसक्ने आशंका गरिरहेका महिला विद्यार्थीलाई खोप दिन मिल्दैन। खोप दिने दिनमा नर्सहरूले महिला विद्यार्थीहरूलाई गर्भवती भएको अथवा हुन सक्ने आशंका छ कि भनेर सोध्नेछन्। यदि विद्यार्थीले छ भन्ने उत्तर दिएमा उसलाई खोप दिइने छैन। अनि सो विद्यार्थीलाई तुरुन्तै यस विषयमा आफ्नो बाबुआमा / अभिभावकसँग छलफल गर्न र चिकित्सकको सहायता लिन आग्रह गरिनेछ। यसको साथै उनीलाई सल्लाह, सहयोग र निर्देशनको लागि स्वास्थ्य सिफारिस सेवाको सम्पर्क विवरणहरू दिइनेछ।

## प्रश्न. विद्यालयमा नर्स आएको दिन मेरो बच्चा बिरामी वा अनुपस्थित भएर खोप लगाउन छुट्यो भने मैले के गर्न सक्छु ?

तपाईंले आफ्नो स्थानीय डाक्टरलाई सम्पर्क गरेर खोप लगाउने व्यवस्था मिलाउनु पर्छ।

## मैले कसरी खोपहरूको रेकर्ड प्राप्त गर्न सक्छु?

तपाईंको बच्चाको खोपहरूको जानकारी अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (Australian Immunisation Register; AIR) मा अपलोड गरिनेछ ता कि यसलाई तपाईंको बच्चाको इम्युनाइजेशन इतिहाससँग जोड्न सकिन्छ।

अभिभावकहरूले आफ्नो बच्चा १४ वर्ष नपुगन्जेलसम्म कुनै पनि समयमा आफ्नो बच्चाको ए.आई.आर. इम्युनाइजेशन  हिस्ट्री स्टेटमेन्ट (AIR Immunisation History Statement) को लागि अनुरोध गर्न सक्छन्, र १४ वर्ष र त्यसभन्दा बढी उमेरका विद्यार्थीहरूले आफ्नो इम्युनाइजेशन इतिहासको विवरणको लागि निम्न बमोजिम अनुरोध गर्न सक्छन्:

- मेडिकेयर अनलाइन एकाउन्ट प्रयोग गरेर myGov my.gov.au/ मार्फत
- मेडिकेयर एक्सप्रेस प्लस एप (Medicare Express Plus App) प्रयोग गरेर www.humanservices.gov.au/individuals/subjects/express-plus-mobile-apps
- ए.आई.आर. साधारण सोधपुछ (AIR General Enquiries) लाई 1800 653 809 मा फोन गरेर।

## प्रश्न. मेरो बच्चाको बारेमा दिइएको जानकारीलाई के गरिन्छ?

मन्जुरी फारममा तपाईंले दिएको जानकारीहरू एन.एस.डब्ल्यु. र कमनवेल्थको कानुनमा भएको कडा गोपनीयता (confidentiality and privacy) प्रावधानहरूको अधीनमा रहनेछन्  (संलग्न प्राइभेसी स्टेटमेन्ट हेर्नुहोस्)। यी सूचनालाई एन.एस.डब्ल्यु. स्वास्थ्य इम्युनाइजेशन रजिष्टरमा प्रविष्ट गरिनेछ र त्यसपछि अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ ताकि यो तपाईंको बच्चाको विद्यमान इम्युनाइजेशन ईतिहाससँग जोड्न सकिनेछ र माईगभ (MyGov) मा हेर्न सकिनेछ।

## विद्यालयमा खोप कार्यक्रमको बारेमा थप जानकारी मैले कहाँ प्राप्त गर्न सक्छु?

थप जानकारी निम्नानुसार प्राप्त गर्न सकिन्छ :

- एन.एस.डब्ल्यु. हेल्थ (NSW Health) को वेवसाइट www.health.nsw.gov.au/schoolvaccination मा गएर,
- तपाईंको स्थानीय पब्लिक हेल्थ युनिटलाई 1300 066 055 मा सम्पर्क गरेर।

September 2022 © NSW Ministry of Health. SHPN (HP NSW) 220728-1-16

Nepali

# डिप्थेरिया (भ्यागुते रोग), टेटानस (धनुष्टङ्कार) र परट्यूस्सिस (लहरे खोकी) (डी.टी.पी.ए) को खोपको लागि मन्जुरी

NSW GOVERNMENT

अभिभावक / संरक्षकले भर्नुपर्ने। कृपया **कालो** अथवा **निलो** कलम प्रयोग गरी **ठूलो अक्षरमा** लेख्नुहोस्।

## 1. विद्यार्थीको विवरण

थर

नाम

जन्म मिति __ __ / __ __ / 2 0 __ __

लिङ्ग ☐ पुरूष ☐ महिला ☐ अनिश्चित/अन्तरलिंगी/अनिर्दिष्ट

कक्षा

विद्यालयको नाम

मेडिकेअर नम्बर

☐ मेडिकेअर कार्डमा तपाईंको बच्चाको नामको छेउमा भएको नम्बर

## 2. आदिबासी (Indigenous) सम्वन्धी जानकारी

☐ होइन ☐ हो, एवोरीजिनल (आदिवासी) ☐ हो, टोरेस् स्ट्रेट आइल्याण्डर ☐ हो, एवोरीजिनल (आदिवासी) र टोरेस् स्ट्रेट आइल्याण्डर दुवै

## 3. तपाईंको विवरण – अभिभावक वा कानुनी संरक्षक

डिप्थेरिया (भ्यागुते रोग), टेटानस (धनुसटंकार) र परटिउसीस (लहरे खोकी) (डि. टि.पी.ए) को खोपबाट हुने फाइदाहरू तथा त्यसको कारणबाट हुनसक्ने सम्भावित असरहरूको बारेमा दिइएको जानकारीहरू मैले पढें र बुझें।

तसर्थ म माथि उल्लेखीत नाम भएको मेरो बच्चालाई डिप्थेरिया (भ्यागुते रोग), टेटानस (धनुसटंकार) र परटिउसीस (लहरे खोकी) (डि. टि.पी.ए) को खोपको १ मात्रा लिन मन्जुरी दिन्छु।

मलाई थाहा भए अनुसार म घोषणा गर्छु कि मेरो बच्चालाई :

1. खोप लिए पछि कुनै एनाफाइलेक्टिक (अचेत हुने र चाँडो उपचार गरिएन भने मृत्यु नै हुनसक्ने एलर्जिक प्रतिकृया) असर भएको छैन।
2. अभिभावकका लागि दिइएको जानकारी पत्रमा उल्लेख भए अनुसार खोपमा भएका तत्वहरूबाट अति संवेदनशील असर भएको छैन।
3. गर्भवती छैन।

अभिभावक/संरक्षकको नाम (उदाहरणको लागि JOHN SMITH)

घरको ठेगाना (उदाहरणको लागि 5 SMITH LANE)

सबर्ब

पोष्टकोड

मोबाइल नम्बर

भरपर्दो वैकल्पिक नम्बर (एरिया कोर्ड सहित उदाहरणको लागि 02)

अभिभावक/संरक्षकको सही

✕

मिति __ __ / __ __ / 2 0 __ __

NSW GOVERNMENT

220728-2-16

उदाहरणको लागि मात्र
यो मन्जुरी फारम अंग्रेजीमा भर्नुहोस्

## डी.टी.पी.ए खोपको रेकर्ड

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

### कार्यालय प्रयोजनको लागि मात्र

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24 घण्टा) __ __ : __ __

खोपको ब्याच नम्बर

नर्स (परिचारिका) को सही ×

मिति __ __ / __ __ 2 0 __ __

**नर्स (परिचारिका) को टिपोट**

खोप नदिनाको कारण

- ☐ अनुपस्थित
- ☐ असहमति जनाउनु अर्थात इन्कार गर्नु
- ☐ सन्चो नभएको
- ☐ सही नगरेको
- ☐ मन्जुरी फिर्ता लिएको
- ☐ अन्य

## **अभिभावक/संरक्षक** डिप्थेरिया (भ्यागुते रोग), टेटानस (धनुष्टङ्कार) र परट्यूस्सिस (लहरे खोकी) (डी.टी.पी.ए) खोपको रेकर्ड

### डी.टी.पी.ए खोपको रेकर्ड

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

### कार्यालय प्रयोजनको लागि मात्र

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24 घण्टा) __ __ : __ __

खोपको ब्याच नम्बर

नर्स (परिचारिका) को सही ×

मिति __ __ / __ __ 2 0 __ __

### खोप दिएपछि के गर्ने

- यसको रेकर्ड राख्नुहोस्, किनभने तपाईंले पछि यो जानकारी उपलब्ध गराउन आवश्यक पर्न सक्नेछ।
- तपाईंको बच्चाको खोपसँग सम्बन्धित जानकारी स्वत: अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ। तपाईंले खोप मितिको बारेमा आफ्नो जी.पी. लाई अपडेट गर्न सक्नुहुन्छ।

### यदि खोप लगाएको ठाँउमा कुनै दुष्प्रभाव देखिएमा के गर्ने

- ठीक पार्नलाई खोप लगाएको ठाउँमा भिजेको चिसो कपडा राख्ने।
- दुखाइको लागि पारासिटामोल लिने।
- थप मात्रामा झोल पदार्थ पिउने।

**यदि खोपको कारणले तपाईंको बच्चामा असर देखिएकोले तपाईंलाई चिन्तित बनाएको छ भने कृपया आफ्नो स्थानीय डक्टरसँग सम्पर्क गर्नुहोस्।**

NSW GOVERNMENT

उदाहरणको लागि मात्र
यो मन्जुरी फारम अंग्रेजीमा भर्नुहोस्

# भेरिसेला (ठेउला) खोप

Varicella (chickenpox) vaccine

नेशनल हेल्थ एण्ड मेडिकल रिसर्च काउन्सिलद्वारा विद्यालय खोप कार्यक्रममा किशोरकिशोरीहरूको लागि सिफारिश गरेका खोपहरू एन.एस.डब्ल्यु. हेल्थ (NSW Health) ले प्रदान गर्छ। बाबुआमा / अभिभावकले हस्ताक्षर गरेको मन्जुरी उपलब्ध गराउनु पर्नेछ।

### तपाईंले गर्नु पर्ने अन्य कुराहरु

- यो जानकारी पत्र ध्यान दिएर पढ्नुहोस्।
- यदि तपाईं आफ्नो बच्चालाई भेरिसेला (ठेउला) विरूद्ध खोप दिन चाहनुहुन्छ भने यो मन्जुरी फारम पूरा भर्नुहोस् र हस्ताक्षर गरेको मन्जुरी फारम आफ्नो बच्चा मार्फत विद्यालयमा फर्काई दिनुहोस्।
- यदि तपाईं आफ्नो बच्चालाई भेरिसेला (ठेउला) विरूद्ध खोप दिन चाहनु हुन्न भने मन्जुरी फारम नभर्नुहोस् अथवा फिर्ता नगर्नुहोस्।

## प्रश्न. भेरिसेला (ठेउला) भनेको के हो ?

ठेउला, भेरिसेला–जोस्टर भाइरसद्वारा छिटो सर्ने संक्रमण हो। यो प्रायः स्वस्थ बच्चाहरूमा छोटो समयको लागि हुने सामान्य रोग हो। यसका लक्षणहरू हलुका ज्वरो आउने, नाकबाट सिँगान बग्ने, सामान्य बिसन्चो हुने र छाला रातो भएर पछि फोका बन्ने। तापनि, वयस्कहरुमा यो अधिक गम्भीर हुन्छ र रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिहरूका लागि यो घातक रोग हो। 4,000 बिरामीहरु मध्ये 1 जनालाई अचानक मांसपेशीको गति हराउने (एक्युट सेरेबेलार एटाक्सिया) हुने गर्दछ जबकि 100,000 मा एक जनालाई इन्सेफलाईटिस (मष्तिस्क सुन्निने) हुन्छ। गर्भवती अवस्थामा हुँदा यस्तो संक्रमण भएमा बच्चामा जन्मजात असामान्यताहरु, छालाका दागधब्बा र हातखुट्टाका कमीकमजोरी समेत, देखिन सक्छन्।

## प्रश्न. ठेउला कसरी फैलिन्छ ?

रोग लागेको प्रारम्भिक अवस्थामा, ठेउला खोकीद्वारा फैलिन्छ। रोगको पछिल्लो अवस्थामा, फोकामा भएको तरल पदार्थसँग सीधै सम्पर्कमा आउँदा यसको भाइरस फैलिन्छ। पहिले कहिल्यै पनि ठेउला नभएको अथवा खोप नलगाएको व्यक्तिहरूमा यो संक्रमण एकदमै चाँडो फैलिन्छ। ठेउलाको दाना देखिनुभन्दा एक वा दुई दिन पहिले मानिसहरू यस रोगबाट संक्रमित हुन्छन् (त्यो भनेको नाकबाट पानी बग्ने चरणमा) र पाँच दिन पछिसम्म (जब फोकाहरू घाउको पाप्राहरू जस्तो हुन्छ) रहन्छ।

## प्रश्न. खोपहरूले कसरी काम गर्छ ?

खोपहरूले केही खास संक्रमणहरूसँग प्रतिरक्षा प्रणालीद्वारा लड्नलाई सहायता गर्ने काम गर्छ। यदि खोप लगाएको व्यक्ति यस्ता संक्रमणहरूको सम्पर्कमा आयो भने, उसको प्रतिरक्षा प्रणालीले अझ प्रभावकारी रूपमा प्रतिक्रिया देखाएर रोगलाई बढ्नबाट रोक्न वा यसको गम्भीरतालाई धेरैहदसम्म घटाउन सक्षम हुन्छ।

## प्रश्न. खोप कतिको प्रभावकारी हुन्छ ?

ठेउलाको को एकल मात्रा खोप दिनाले 80-85 प्रतिशत ठेउलाबाट बचाउन र कडा रोग विरूद्ध लड्न धेरै प्रभावकारी हुन्छ।

## प्रश्न. कसले खोप लिनुपर्छ ?

पहिले नै खोप लिइसकेको (प्राय: जसो 18 महिनाको उमेरमा) वा ठेउला रोग भएको अवस्थामा बाहेक 14 वर्ष उमेरसम्मका सबै विद्यार्थीहरूले खोपको एकल डोज (खुराक) लिनु पर्छ। 14 वर्ष वा सोभन्दा माथि उमेर भएका विद्यार्थीहरूले आफ्नो डाक्टर मार्फत कम्तिमा 1–2 महिनाको फरकमा ठेउला खोपको दुई डोज (खुराक) लिन आवश्यक पर्छ।

## प्रश्न. कसलाई खोप दिन हुदैन ?

ठेउला खोप त्यस्ता मानिसहरूलाई दिनु हुँदैन जो :

- पहिले दिइएको खोपको मात्राको कारणले एनाफाइलेक्सिस भएको छ भने
- खोपमा भएको मिश्रणको कारणले एनाफाइलेक्सिस भएको छ भने (तल सुचिकृत गरिएको)
- गर्भवती छन् भने (खोप लगाएको 28 दिनसम्म गर्भधारण गर्नुहुँदैन)
- पछिल्लो 12 महिनाभित्र रगत चढाइएको / इम्युनोग्लोबुलीन इन्जेक्सन लिएको छ भने
- विगत 4 हप्तामा जिवन्त खोप दिइएको छ भने (जस्तै: एम.एम.आर. (मिजल्स, मम्प्स र रूबेला), बि.सि.जी. (क्षयरोग) अथवा यलो फिभर)
- रोग प्रतिरोधात्मक क्षमता कमजोर भएको छ भने, जस्तै
  i. एच.आइ.भी./एड्स भएका मानिसहरू
  ii. उच्च-डोजको रोग प्रतिरोधात्मक क्षमता दबाउने उपचार जस्तै किमोथेरापी, विकीरण थेरापी, अथवा उच्च-डोजको मौखिक कोर्टीकोस्टरोइड्स लिइरहेका मानिसहरू
  iii. लिमफोमा, लिउकेमिया अथवा सामान्यकृत लगायत अत्यधिक रोग प्रतिरोधात्मक शक्ति कम भएका मानिसहरू।

## प्रश्न. एनाफाइलेक्सीस भनेको के हो ?

एनाफाइलेक्सीस (Anaphylaxis) अचेत हुने र चाँडो उपचार गरिएन भने मृत्यु नै हुनसक्ने गम्भीर एलर्जीक प्रतिक्रिया हो। **खोप दिएपछि यस्तो देखिने एकदमै दुलर्भ हुन्छ।** विद्यालयमा खोप दिने नर्सहरू एनाफाइलेक्सीसको उपचारको लागि पूर्ण तालिमप्राप्त हुन्छन्।

## प्रश्न. यदि मसँग रेकर्ड छैन वा मेरो बच्चालाई पहिले नै ठेउला भएको वा खोप दिइएको सम्झना छैन भने मैले के गर्नुपर्छ ?

यदि विगतमा ठेउला भए नभएको याद छैन वा पहिले ठेउलाको खोप दिए नदिएको कुनै प्रमाण छैन भने पनि बालबालिकाहरु तथा वयस्क व्यक्तिहरुलाई ठेउला खोप सुरक्षितरूपमा दिन सकिन्छ।

## प्रश्न. ठेउला खोपमा के एडिटिभ्स (मिश्रण) मिसाइएको हुन्छ ?

खोपमा सुक्रोज, हाइड्रोलाइज्ड पोर्सिन जेलाटिन, यूरिया, मोनोसोडियम ग्लुटामेट, एम.आर.सी 5 कोशका तत्वहरू, नीओमाइसिन तथा बोभाइन सिरमका कणहरू मिसाइका हुन्छन्। यी मिश्रणहरू खोपमा ज्यादै सानो परिमाणमा समावेश गरिएको हुन्छ ताकी त्यसले कि त खोपले काम गर्न सहायता पुऱ्याउँछ वा खोपलाई जोगाउने वस्तुकोरुपमा कार्य गर्छ। उत्पादनको क्रममा सो खोपलाई बोभाइनबाट व्युत्पादित (bovine-derived) सामग्रीहरुको सम्पर्कमा राखिएको थियो।

## प्रश्न. खोपहरू कतिको सुरक्षित छन् ?

अष्ट्रेलियामा प्रयोग हुने खोपहरू सुरक्षित छन् र थेराप्युटिक गुड्स एडमीनीस्ट्रेशन (Therapeutic Goods Administration; TGA) बाट पारित हुनुअघि कडा सुरक्षा परीक्षण पास गर्नुपर्छ। यसको साथै TGA ले प्रयोगमा आएका खोपहरूको सुरक्षा अनुगमन गर्छ।

## प्रश्न. ठेउला खोपबाट हुने अन्य असरहरू के के हुन् ?

सामान्यतया यसका असरहरु हल्का हुन्छन् जस्तै सुई दिईएको ठाउँमा दुख्ने, रातो हुने, सुन्निने अथवा ज्वरो आउने। गम्भीर किसिमका असर अत्याधिक दुर्लभ हुन्छन्। खोपको असरहरुको बारे थप जानकारी उपभोक्ता औषधी सूचना (सीएमआई) मा www.health.nsw.gov.au/schoolvaccination मार्फत प्राप्त गर्न सकिन्छ। खोप दिए पश्चात् अतिरिक्त असरहरुप्रति चासो राख्ने बाबुआमाहरुले जी.पी. (GP) लाई सम्पर्क गर्नुपर्छ, जसले स्थानीय जन स्वास्थ्य इकाईमा खबर गरिदिनु पर्छ।

## प्रश्न. गर्भवती भएका अथवा हुन सक्ने आशंका भएका महिला विद्यार्थीलाई खोप दिन मिल्छ ?

मिल्दैन। गर्भवती भएका, अथवा आफू गर्भवती भएको हुनसक्ने आशंका गरिरहेका महिला विद्यार्थीलाई खोप दिन मिल्दैन। खोप दिने दिनमा नर्सहरूले महिला विद्यार्थीहरूलाई गर्भवती भएको अथवा हुन सक्ने आशंका छ कि भनेर सोध्नेछन्। यदि विद्यार्थीले छ भन्ने उत्तर दिएमा उसलाई खोप दिइने छैन। अनि सो विद्यार्थीलाई तुरून्तै यस विषयमा आफ्नो बाबुआमा / अभिभावकसँग छलफल गर्न र चिकित्सकको सहायता लिन आग्रह गरिनेछ। यसको साथै उनीलाई सल्लाह, सहयोग र निर्देशनको लागि स्वास्थ्य सिफारिस सेवाको सम्पर्क विवरणहरू दिइनेछ।

**ठेउला खोप लिएका महिला विद्यार्थीहरू, खोप लिएको दिनदेखि 28 दिनसम्म गर्भधारण गर्नुहुँदैन।**

## प्रश्न. यदि मेरो बच्चालाई दम (asthma) छ र पफर (puffer) द्वारा कोर्टिसोन (cortisone) अथवा प्रेडनीसोन (prednisone) लिने गरेको छ भने के हुन्छ ?

दमको कारणले जुनसुकै औषधि लिएको भएतापनि सुरक्षित तरीका अपनाएर कसैलाई भेरिसेला खोप दिन सकिनेछ।

## प्रश्न. के मैले मन्जुरी फिर्ता लिन सक्छु ?

स्कूललाई मञ्जुरी फिर्ता गर्ने लिखित सुचना दिएर वा मञ्जुरी फिर्ताको लागि स्कूलमा फोन गरेर कुनै पनि समयमा मञ्जुरी फिर्ता लिन सकिन्छ।

## प्रश्न. विद्यालयमा नर्स आएको दिन मेरो बच्चा बिरामी वा अनुपस्थित भएर खोप लगाउन छुट्यो भने मैले के गर्नु पर्छ ?

तपाईंले आफ्नो स्थानीय डाक्टरलाई सम्पर्क गरेर खोप लगाउने व्यवस्था मिलाउनु पर्छ।

## मैले कसरी खोपहरूको रेकर्ड प्राप्त गर्न सक्छु ?

तपाईंको बच्चाको खोपहरूको जानकारी अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (Australian Immunisation Register; AIR) मा अपलोड गरिनेछ ता कि यसलाई तपाईंको बच्चाको इम्युनाइजेशन इतिहाससँग जोड्न सकिन्छ।

अभिभावकहरूले आफ्नो बच्चा १४ वर्ष नपुगन्जेलसम्म कुनै पनि समयमा आफ्नो बच्चाको ए.आई.आर. इम्युनाइजेशन हिस्ट्री स्टेटमेन्ट (AIR Immunisation History Statement) को लागि अनुरोध गर्न सक्छन्, र १४ वर्ष र त्यसभन्दा बढी उमेरका विद्यार्थीहरूले आफ्नो इम्युनाइजेशन इतिहासको विवरणको लागि निम्न बमोजिम अनुरोध गर्न सक्छन्:

- मेडिकेयर अनलाइन एकाउन्ट प्रयोग गरेर myGov my.gov.au/ मार्फत
- मेडिकेयर एक्सप्रेस प्लस एप (Medicare Express Plus App) प्रयोग गरेर www.humanservices.gov.au/individuals/subjects/express-plus-mobile-apps
- ए.आई.आर. साधारण सोधपुछ (AIR General Enquiries) लाई 1800 653 809 मा फोन गरेर।

## प्रश्न. मेरो बच्चाको बारेमा दिइएको जानकारीलाई के गरिन्छ?

मन्जुरी फारममा तपाईंले दिएको जानकारीहरू एन.एस.डब्ल्यु. र कमनवेल्थको कानुनमा भएको कडा गोपनीयता (confidentiality and privacy) प्रावधानहरूको अधीनमा रहनेछन् (संलग्न प्राइभेसी स्टेटमेन्ट हेर्नुहोस्)। यी सूचनालाई एन.एस.डब्ल्यु. स्वास्थ्य इम्युनाइजेशन रजिष्टरमा प्रविष्ट गरिनेछ र त्यसपछि अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ ताकि यो तपाईंको बच्चाको विद्यमान इम्युनाइजेशन ईतिहाससँग जोड्न सकिनेछ र माईगभ (MyGov) मा हेर्न सकिनेछ।

## विद्यालयमा खोप कार्यक्रमको बारेमा थप जानकारी मैले कहाँ प्राप्त गर्न सक्छु?

थप जानकारी निम्नानुसार प्राप्त गर्न सकिन्छ :

- एन.एस.डब्ल्यु. हेल्थ (NSW Health) को वेवसाइट www.health.nsw.gov.au/schoolvaccination मा गएर,
- तपाईंको स्थानीय पब्लिक हेल्थ युनिटलाई 1300 066 055 मा सम्पर्क गरेर।

September 2022 © NSW Ministry of Health. SHPN (HP NSW) 220733-1-16

Nepali

# भेरिसेला (ठेउला) को खोपको लागि मन्जुरी

अभिभावक / संरक्षकले भर्नुपर्ने। कृपया **कालो** अथवा **निलो** कलम प्रयोग गरी **ठूलो अक्षरमा** लेख्नुहोस्।

## 1. विद्यार्थीको विवरण

थर

नाम

जन्म मिति
/ / 2 0

लिङ्ग
पुरूष  महिला  अनिश्चित/अन्तरलिंगी/अनिर्दिष्ट

कक्षा

विद्यालयको नाम

मेडिकेअर नम्बर

मेडिकेअर कार्डमा तपाईंको बच्चाको नामको छेउमा भएको नम्बर

## 2. आदिबासी (Indigenous) सम्वन्धी जानकारी

होइन  हो, एवोरीजिनल (आदिवासी)  हो, टोरेस् स्ट्रेट आइल्याण्डर  हो, एवोरीजिनल (आदिवासी) र टोरेस् स्ट्रेट आइल्याण्डर दुवै

## 3. तपाईंको विवरण – अभिभावक वा कानुनी संरक्षक

भेरिसेला (ठेउला) को खोपबाट हुने फाइदाहरू तथा त्यसको कारणबाट हुनसक्ने सम्भावित असरहरूको बारेमा दिइएको जानकारीहरू मैले पढें र बुझें।

तसर्थ म माथि उल्लेखीत नाम भएको मेरो बच्चालाई भेरिसेला (ठेउला) को खोपको १ मात्रा दिन मन्जुरी दिन्छु।

मलाई थाहा भए अनुसार म घोषणा गर्छु कि मेरो बच्चालाई :

1. खोप लिए पछि कुनै एनाफाइलेक्टिक (अचेत हुने र चाँडो उपचार गरिएन भने मृत्यु नै हुनसक्ने एलर्जिक प्रतिकृया) असर भएको छैन।
2. अभिभावकका लागि दिइएको जानकारी पत्रमा उल्लेख भए अनुसार खोपमा भएका तत्वहरूबाट अति संवेदनशील असर भएको छैन।
3. गर्भवती छैन।

अभिभावक/संरक्षकको नाम (उदाहरणको लागि JOHN SMITH)

घरको ठेगाना(उदाहरणको लागि 5 SMITH LANE)

सबर्व  पोष्टकोड

मोबाइल नम्बर

भरपर्दो वैकल्पिक नम्बर (एरिया कोर्ड सहित उदाहरणको लागि 02)

अभिभावक/संरक्षकको सही

✕

मिति
/ / 2 0

उदाहरणको लागि मात्र
यो मन्जुरी फारम अंग्रेजीमा भर्नुहोस्

NSW GOVERNMENT

220733-2-16

# भेरिसेला (ठेउला) खोपको रेकर्ड

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

## कार्यालय प्रयोजनको लागि मात्र

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24 घण्टा) __ __ : __ __

खोपको ब्याच नम्बर

नर्स (परिचारिका) को सही ×

मिति __ __ / __ __ / 2 0 __ __

### नर्स (परिचारिका) को टिपोट

खोप नदिनाको कारण

- ☐ अनुपस्थित
- ☐ असहमति जनाउनु अर्थात इन्कार गर्नु
- ☐ सन्चो नभएको
- ☐ सही नगरेको
- ☐ मन्जुरी फिर्ता लिएको
- ☐ अन्य

# **अभिभावक/ संरक्षक** भेरिसेला (ठेउला) खोपको रेकर्ड

## भेरिसेला (ठेउला) खोपको रेकर्ड

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

## कार्यालय प्रयोजनको लागि मात्र

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24 घण्टा) __ __ : __ __

खोपको ब्याच नम्बर

नर्स (परिचारिका) को सही ×

मिति __ __ / __ __ / 2 0 __ __

## खोप दिएपछि के गर्ने

- यसको रेकर्ड राख्नुहोस्, किनभने तपाईंले पछि यो जानकारी उपलब्ध गराउन आवश्यक पर्न सक्नेछ।
- तपाईंको बच्चाको खोपसँग सम्बन्धित जानकारी स्वत: अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ। तपाईंले खोप मितिको बारेमा आफ्नो जी.पी. लाई अपडेट गर्न सक्नुहुन्छ।

## यदि खोप लगाएको ठाँउमा कुनै दुष्प्रभाव देखिएमा के गर्ने

- ठीक पार्नलाई खोप लगाएको ठाउँमा भिजेको चिसो कपडा राख्ने।
- दुखाइको लागि पारासिटामोल लिने।
- थप मात्रामा झोल पदार्थ पिउने।

**यदि खोपको कारणले तपाईंको बच्चामा असर देखिएकोले तपाईंलाई चिन्तित बनाएको छ भने कृपया आफ्नो स्थानीय डक्टरसँग सम्पर्क गर्नुहोस्।**

NSW GOVERNMENT

उदाहरणको लागि मात्र
यो मन्जुरी फारम अंग्रेजीमा भर्नुहोस्

# हेपाटाइटिस बी खोप

Hepatitis B vaccine

नेशनल हेल्थ एण्ड मेडिकल रिसर्च काउन्सिलद्वारा विद्यालय खोप कार्यक्रममा किशोरकिशोरीहरूको लागि सिफारिश गरेका खोपहरू एन.एस.डब्ल्यु. हेल्थ (NSW Health) ले प्रदान गर्छ। बाबुआमा / अभिभावकले हस्ताक्षर गरेको मन्जुरी उपलब्ध गराउनु पर्नेछ।

### तपाईंले गर्नु पर्ने अन्य कुराहरु

- यो जानकारी पत्र ध्यान दिएर पढ्नुहोस्।
- यदि तपाईं आफ्नो बच्चालाई हेपाटाइटिस बी विरूद्ध खोप दिन चाहनुहुन्छ भने यो मन्जुरी फारम पूरा भर्नुहोस् र हस्ताक्षर गरेको मन्जुरी फारम आफ्नो बच्चा मार्फत विद्यालयमा फर्काई दिनुहोस्।
- यदि तपाईं आफ्नो बच्चालाई हेपाटाइटिस बी विरूद्ध खोप दिन चाहनु हुन्न भने मन्जुरी फारम नभर्नुहोस् अथवा फिर्ता नगर्नुहोस्।

### प्रश्न. हेपाटाइटिस बी रोग भनेको के हो ?

हेपाटाइटिस बी भाइरल रोग हो जसका लक्षणहरू ज्वरो, कमलपित्त र सामान्य बिसन्चो हुने हुन्छ र यसले गर्दा सिरहोसिस् अर्थात कलेजोको क्यान्सर हुन सक्छ। केही मानिसहरूमा हेपाटाइटिस बी हुन सक्छन् र संक्रमित भएको थाहा नपाउन सक्छन्। यस्ता मानिसहरूले थाहै नपाइकन रोग सार्न सक्छन्।

### प्रश्न. हेपाटाइटिस बी कसरी फैलिन्छ ?

- संक्रमित आमाबाट जन्मेको बच्चामा र दुध खुवाउंदा
- एक बच्चाबाट अर्को बच्चामा, प्रायः खुल्ला घाउ अथवा दुखेको ठाउँबाट
- असुरक्षित यौन सम्पर्क
- सुईले पारेको घाउ
- किटाणुमुक्त गरी सफा नगरेको औजारले टाटु बनाउँदा अथवा शरीर छेड्दा
- सुई लगाउने औजार बाँडेर प्रयोग गर्दा

### प्रश्न. खोपहरूले कसरी काम गर्छ ?

खोपहरूले केही खास संक्रमणहरूसँग प्रतिरक्षा प्रणालीद्वारा लड्नलाई सहायता गर्ने काम गर्छ। यदि खोप लगाएको व्यक्ति यस्ता संक्रमणहरूको सम्पर्कमा आयो भने, उसको प्रतिरक्षा प्रणालीले अझ प्रभावकारी रूपमा प्रतिक्रिया देखाएर रोगलाई बढ्नबाट रोक्न वा यसको गम्भीरतालाई धेरैहदसम्म घटाउन सक्षम हुन्छ।

### प्रश्न. खोप कतिको प्रभावकारी हुन्छ ?

हेपाटाइटिस बी संक्रमण बिरूद्ध सुरक्षा प्रदान गर्न हेपाटाइटिस बी खोप धेरै प्रभावकारी छ।

### प्रश्न. यस कोर्समा कति मात्राको आवश्यकता पर्दछ ?

इन्टेन्सिभ इङ्गलिस सेन्टरमा, हेपाटाइटिस बी को 2-डोज कोर्स (2-dose course) दिइनेछ। दोस्रो डोज पहिलो डोज दिएको 4-6 महिनापछि दिइनेछ।

### प्रश्न. यदि मेरो बच्चाले हेपाटाइटिस बी खोपको 1 डोज मात्र लिएमा हेपाटाइटिस बी बाट बचाउँछ ?

बचाउँदैन। किशोर किशोरीहरू (11-15 वर्ष उमेरका) लाई हेपाटाइटिस बी बाट बचाउन वयष्कलाई दिइने खोपको 2 डोज चाहिन्छ।

### प्रश्न. कसले खोप लिनुपर्छ ?

शिशु / बच्चा बेलामा पहिले नै हेपाटाइटिस् बी खोपको कोर्स (course) पुरा नगरेका सबै **11 देखि 15 वर्षसम्मका** सबै विद्यार्थीहरुले हेपाटाइटिस बी खोपको 2 वयस्क खुराक लिनुपर्छ।

**16 वर्ष वा माथिका** विद्यार्थीहरुले खोपको **3 पेडियाट्रिक** (paediatric) **खुराक** लिनुपर्छ। पहिलो २ खुराक स्कुलमा दिन सकिन्छ र त्यस पश्चात् एउटा पत्र उपलब्ध गराइनेछ जुन खोपको कोर्स पुरा गर्नका लागि आफ्नो जी.पी. लाई दिनुपर्छ।

### प्रश्न. कसलाई खोप दिन हुदैन ?

हेपाटाइटिस बी खोप निम्न व्यक्तिहरूलाई दिनु हुँदैन:

- पहिले दिइएको खोपको मात्राको कारणले एनाफाइलेक्सिस भएको छ भने
- खोपमा भएको मिश्रणको कारणले एनाफाइलेक्सिस भएको छ भने (तल सुचिकृत गरिएको)
- गर्भवती छन् भने

### प्रश्न. खोपहरू कतिको सुरक्षित छन् ?

अष्ट्रेलियामा प्रयोग हुने खोपहरू सुरक्षित छन् र थेराप्युटिक गुड्स एडमीनीस्ट्रेशन (Therapeutic Goods Administration; TGA) बाट पारित हुनुअघि कडा सुरक्षा परीक्षण पास गर्नुपर्छ। यसको साथै TGA ले प्रयोगमा आएका खोपहरूको सुरक्षा अनुगमन गर्छ।

### प्रश्न. हेपाटाइटिस बी मा के थपिएको वा मिसिएको हुन्छ ?

खोपले काम गर्न सहायता पुर्‍याउन एलुमिनम हाइड्रोअक्साइड खोपमा मिसाइएको हुन्छ साथै यीस्ट प्रोटिन पनि समावेश हुनसक्छ र उत्पादनको क्रममा यसलाई बोभाइनबाट व्युत्पादित (bovine-derived) सामग्रीहरुको सम्पर्कमा राखिएको हुन्छ।

## प्रश्न. हेपाटाइटिस बी खोपबाट हुने अन्य असरहरू के के हुन् ?

सामान्यतया यसका असरहरु हल्का हुन्छन् जस्तै सुई दिईएको ठाउँमा दुख्ने, रातो हुने, सुन्निने अथवा ज्वरो आउने। गम्भीर किसिमका असर अत्याधिक दुर्लभ हुन्छन्। खोपको असरहरुको बारे थप जानकारी उपभोक्ता औषधी सूचना (सीएमआई) मा www.health.nsw.gov.au/schoolvaccination मार्फत प्राप्त गर्न सकिन्छ। खोप दिए पश्चात् अतिरिक्त असरहरुप्रति चासो राख्ने बाबुआमाहरुले जी.पी. (GP) लाई सम्पर्क गर्नुपर्छ, जसले स्थानीय जन स्वास्थ्य इकाईमा खबर गरिदिनु पर्छ।

## प्रश्न. एनाफाइलेक्सीस भनेको के हो ?

एनाफाइलेक्सीस (Anaphylaxis) अचेत हुने र चाँडो उपचार गरिएन भने मृत्यु नै हुनसक्ने गम्भीर एलर्जीक प्रतिक्रिया हो। **खोप दिएपछि यस्तो देखिने एकदमै दुलर्भ हुन्छ।** विद्यालयमा खोप दिने नर्सहरू एनाफाइलेक्सीसको उपचारको लागि पूर्ण तालिमप्राप्त हुन्छन्।

## प्रश्न. यदि मसँग खोप दिइएको रेकर्ड छैन अथवा मेरो बच्चालाई पहिले नै हेपाटाइटिस बी खोप दिई सकेको याद छैन भने मैले के गर्नुपर्छ ?

तपाईंको बच्चाले हेपाटाइटिस बी को अर्को कोर्स (course) लिन सुरक्षित हुन्छ।

## प्रश्न. मेरो बच्चाले हिव (Hib) खोप लिएको छ। के यसले मेरो बच्चालाई हेपाटाइटिस बी बाट वचाउँछ ?

बचाउँदैन। हिव खोपले केवल हेमोफाइलस इन्फ्ल्युन्जा टाइप बि को संक्रमणबाट मात्र बचाउँछ र यो खोप बच्चाहरुलाई 6 हप्ता, 4 महिना, 6 महिना र 18 महिनाको उमेरमा दिइन्छ। यसले तपाईंको बच्चालाई हेपाटाइटिस बी बाट बचाउँदैन।

## प्रश्न. गर्भवती भएका अथवा हुन सक्ने आशंका भएका महिला विद्यार्थीलाई खोप दिन मिल्छ ?

मिल्दैन। गर्भवती भएका, अथवा आफू गर्भवती भएको हुनसक्ने आशंका गरिरहेका महिला विद्यार्थीलाई खोप दिन मिल्दैन। खोप दिने दिनमा नर्सहरूले महिला विद्यार्थीहरूलाई गर्भवती भएको अथवा हुन सक्ने आशंका छ कि भनेर सोध्नेछन्। यदि विद्यार्थीले छ भन्ने उत्तर दिएमा उसलाई खोप दिइने छैन। अनि सो विद्यार्थीलाई तुरुन्तै यस विषयमा आफ्नो बाबुआमा / अभिभावकसँग छलफल गर्न र चिकित्सकको सहायता लिन आग्रह गरिनेछ। यसको साथै उनीलाई सल्लाह, सहयोग र निर्देशनको लागि स्वास्थ्य सिफारिस सेवाको सम्पर्क विवरणहरू दिइनेछ।

## प्रश्न. यदि मेरो बच्चालाई दम (asthma) छ र पफर (puffer) द्वारा कोर्टिसोन (cortisone) अथवा प्रेडनीसोन (prednisone) लिने गरेको छ भने के हुन्छ ?

दमको कारणले जुनसुकै औषधि लिएको भएतापनि सुरक्षित तरीका अपनाएर कसैलाई हेपाटाइटिस बी खोप दिन सकिनेछ।

## प्रश्न. खोप दिनको लागि कसले मञ्जुरी दिन सक्छ र के मञ्जुरी फिर्ता लिन सकिन्छ ?

18 वर्ष उमेर मुनिका विद्यार्थीहरुको लागि खोप दिन बाबुआमा/ अभिभावकहरुले मात्र मञ्जुरी दिन सक्छन्। 18 वर्ष र त्यस माथि उमेरका विद्यार्थीहरुले आफ्नै खोपको लागि मञ्जुरी दिन सक्छन् र उनीहरुले अनुमति फारम भरी 'बाबुआमा / अभिभावकहरु' संकेत गरिएको ठाउँमा हस्ताक्षर गर्नुपर्छ। स्कूललाई मञ्जुरी फिर्ता गर्ने लिखित सुचना दिएर वा मञ्जुरी फिर्ताको लागि स्कूलमा फोन गरेर कुनै पनि समयमा मञ्जुरी फिर्ता लिन सकिन्छ।

## प्रश्न. विद्यालयमा नर्स आएको दिन मेरो बच्चा बिरामी वा अनुपस्थित भएर खोप लगाउन छुट्यो भने मैले के गर्न सक्छु ?

तपाईंले आफ्नो स्थानीय डाक्टरलाई सम्पर्क गरेर खोप लगाउने व्यवस्था मिलाउनु पर्छ।

## मैले कसरी खोपहरूको रेकर्ड प्राप्त गर्न सक्छु?

तपाईंको बच्चाको खोपहरूको जानकारी अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (Australian Immunisation Register; AIR) मा अपलोड गरिनेछ ता कि यसलाई तपाईंको बच्चाको इम्युनाइजेशन इतिहाससँग जोड्न सकिन्छ।

अभिभावकहरूले आफ्नो बच्चा १४ वर्ष नपुगन्जेलसम्म कुनै पनि समयमा आफ्नो बच्चाको ए.आई.आर. इम्युनाइजेशन  हिस्ट्री स्टेटमेन्ट (AIR Immunisation History Statement) को लागि अनुरोध गर्न सक्छन्, र १४ वर्ष र त्यसभन्दा बढी उमेरका विद्यार्थीहरूले आफ्नो इम्युनाइजेशन इतिहासको विवरणको लागि निम्न बमोजिम अनुरोध गर्न सक्छन्:

- मेडिकेयर अनलाइन एकाउन्ट प्रयोग गरेर myGov my.gov.au/ मार्फत
- मेडिकेयर एक्सप्रेस प्लस एप (Medicare Express Plus App) प्रयोग गरेर www.humanservices.gov.au/individuals/subjects/express-plus-mobile-apps
- ए.आई.आर. साधारण सोधपुछ (AIR General Enquiries) लाई 1800 653 809 मा फोन गरेर।

## प्रश्न. मेरो बच्चाको बारेमा दिइएको जानकारीलाई के गरिन्छ?

मन्जुरी फारममा तपाईंले दिएको जानकारीहरू एन.एस.डब्ल्यु. र कमनवेल्थको कानुनमा भएको कडा गोपनीयता (confidentiality and privacy) प्रावधानहरूको अधीनमा रहनेछन् (संलग्न प्राइभेसी स्टेटमेन्ट हेर्नुहोस्)। यी सूचनालाई एन.एस.डब्ल्यु. स्वास्थ्य इम्युनाइजेशन रजिष्टरमा प्रविष्ट गरिनेछ र त्यसपछि अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ  ताकि यो तपाईंको बच्चाको विद्यमान इम्युनाइजेशन ईतिहाससँग जोड्न सकिनेछ र माईगभ (MyGov) मा हेर्न सकिनेछ।

## विद्यालयमा खोप कार्यक्रमको बारेमा थप जानकारी मैले कहाँ प्राप्त गर्न सक्छु?

थप जानकारी निम्नानुसार प्राप्त गर्न सकिन्छ :

- एन.एस.डब्ल्यु. हेल्थ (NSW Health) को वेवसाइट www.health.nsw.gov.au/schoolvaccination मा गएर,
- तपाईंको स्थानीय पब्लिक हेल्थ युनिटलाई 1300 066 055 मा सम्पर्क गरेर।

September 2022 © NSW Ministry of Health. SHPN (HP NSW) 220729-1-16

## खोप दिएपछि के गर्ने

- यसको रेकर्ड राख्नुहोस्, किनभने तपाईंले पछि यो जानकारी उपलब्ध गराउन आवश्यक पर्न सक्नेछ।
- तपाईंको बच्चाको खोपसँग सम्बन्धित जानकारी स्वत: अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ। तपाईंले खोप मितिको बारेमा आफ्नो जी.पी. लाई अपडेट गर्न सक्नुहुन्छ।

## यदि खोप लगाएको ठाँउमा कुनै दुष्प्रभाव देखिएमा के गर्ने

- ठीक पार्नलाई खोप लगाएको ठाउँमा भिजेको चिसो कपडा राख्ने।
- दुखाइको लागि पारासिटामोल लिने।
- थप मात्रामा झोल पदार्थ पिउने।

**यदि खोपको कारणले तपाईंको बच्चामा असर देखिएकोले तपाईंलाई चिन्तित बनाएको छ भने कृपया आफ्नो स्थानीय डक्टरसँग सम्पर्क गर्नुहोस्।**

NSW GOVERNMENT


## खोप दिएपछि के गर्ने

- यसको रेकर्ड राख्नुहोस्, किनभने तपाईंले पछि यो जानकारी उपलब्ध गराउन आवश्यक पर्न सक्नेछ।
- तपाईंको बच्चाको खोपसँग सम्बन्धित जानकारी स्वत: अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ। तपाईंले खोप मितिको बारेमा आफ्नो जी.पी. लाई अपडेट गर्न सक्नुहुन्छ।

## यदि खोप लगाएको ठाँउमा कुनै दुष्प्रभाव देखिएमा के गर्ने

- ठीक पार्नलाई खोप लगाएको ठाउँमा भिजेको चिसो कपडा राख्ने।
- दुखाइको लागि पारासिटामोल लिने।
- थप मात्रामा झोल पदार्थ पिउने।

**यदि खोपको कारणले तपाईंको बच्चामा असर देखिएकोले तपाईंलाई चिन्तित बनाएको छ भने कृपया आफ्नो स्थानीय डक्टरसँग सम्पर्क गर्नुहोस्।**

NSW GOVERNMENT


220729-2-16

Nepali

# हेपटाइटिस बि (कलेजो सुनिने रोगका) खोपको लागि मन्जुरी

NSW GOVERNMENT

अभिभावक / संरक्षकले भर्नुपर्ने। कृपया **कालो** अथवा **निलो** कलम प्रयोग गरी **ठूलो अक्षरमा** लेख्नुहोस् ।

## 1. विद्यार्थीको विवरण

थर

नाम

जन्म मिति __ __ / __ __ / 2 0 __ __

लिङ्ग ☐ पुरूष ☐ महिला ☐ अनिश्चित/अन्तरलिंगी/अनिर्दिष्ट

कक्षा

विद्यालयको नाम

मेडिकेअर नम्बर

☐ मेडिकेअर कार्डमा तपाईंको बच्चाको नामको छेउमा भएको नम्बर

## 2. आदिबासी (Indigenous) सम्वन्धी जानकारी

☐ होइन ☐ हो, एवोरीजिनल (आदिवासी) ☐ हो, टोरेस् स्ट्रेट आइल्याण्डर ☐ हो, एवोरीजिनल (आदिवासी) र टोरेस् स्ट्रेट आइल्याण्डर दुवै

## 3. तपाईंको विवरण – अभिभावक वा कानुनी संरक्षक

हेपटाइटिस बि खोपबाट हुने फाइदाहरू तथा त्यसको कारणबाट हुनसक्ने सम्भावित असरहरूको बारेमा दिइएको जानकारीहरू मैले पढें र बुझें ।

तसर्थ म माथि उल्लेखीत नाम भएको मेरो बच्चालाई हेपटाइटिस बि खोपको २ मात्रा लिन मन्जुरी दिन्छु ।

मलाई थाहा भए अनुसार म घोषणा गर्छु कि मेरो बच्चालाई :

1. खोप लिए पछि कुनै एनाफाइलेक्टिक (अचेत हुने र चाँडो उपचार गरिएन भने मृत्यु नै हुनसक्ने एलर्जिक प्रतिकृया) असर भएको छैन।
2. अभिभावकका लागि दिइएको जानकारी पत्रमा उल्लेख भए अनुसार खोपमा भएका तत्वहरूबाट अति संवेदनशील असर भएको छैन।
3. गर्भवती छैन।

अभिभावक/संरक्षकको नाम (उदाहरणको लागि JOHN SMITH)

घरको ठेगाना (उदाहरणको लागि 5 SMITH LANE)

सबर्व

पोष्टकोड

मोबाइल नम्बर

भरपर्दो वैकल्पिक नम्बर (एरिया कोर्ड सहित उदाहरणको लागि 02)

अभिभावक/संरक्षकको सही

✕

मिति __ __ / __ __ / 2 0 __ __

उदाहरणको लागि मात्र
यो मन्जुरी फाराम अंग्रेजीमा भर्नुहोस्

उदाहरणको लागि मात्र
यो मन्जुरी फारम अंग्रेजीमा भर्नुहोस्

## हेपटाइटिस बि खोपको रेकर्ड

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

कार्यालय प्रयोजनको लागि मात्र

पहिलो मात्रा

**पाखुरा** ☐ देब्रे ☐ दाहिने
खोप दिइएको समय (24 घण्टा) __ __ : __ __
खोपको ब्याच नम्बर
नर्स (परिचारिका) को सही ×
मिति __ __ / __ __ / 2 0 __ __

दोस्रो मात्रा

**पाखुरा** ☐ देब्रे ☐ दाहिने
खोप दिइएको समय (24 घण्टा) __ __ : __ __
खोपको ब्याच नम्बर
नर्स (परिचारिका) को सही ×
मिति __ __ / __ __ / 2 0 __ __

**नर्स (परिचारिका) को टिपोट**

खोप नदिनाको कारण

- ☐ अनुपस्थित
- ☐ असहमति जनाउनु अर्थात इन्कार गर्नु
- ☐ सन्चो नभएको
- ☐ सही नगरेको
- ☐ मन्जुरी फिर्ता लिएको
- ☐ अन्य

## **अभिभावक/ संरक्षक** हेपटाइटिस बि खोपको रेकर्ड

### हेपटाइटिस बि खोपको रेकर्ड — पहिलो मात्रा

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

कार्यालय प्रयोजनको लागि मात्र

**पाखुरा** ☐ देब्रे ☐ दाहिने
खोप दिइएको समय (24 घण्टा) __ __ : __ __
खोपको ब्याच नम्बर
नर्स (परिचारिका) को सही ×
मिति __ __ / __ __ / 2 0 __ __

### हेपटाइटिस बि खोपको रेकर्ड — दोस्रो मात्रा

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

कार्यालय प्रयोजनको लागि मात्र

**पाखुरा** ☐ देब्रे ☐ दाहिने
खोप दिइएको समय (24 घण्टा) __ __ : __ __
खोपको ब्याच नम्बर
नर्स (परिचारिका) को सही ×
मिति __ __ / __ __ / 2 0 __ __

# मिजल्स (दादुरा), मम्प्स (गल्फू रोग) र रूबेला अर्थात एक प्रकारको सरूवा भाईरल रोग (एम.एम.आर.) खोप

Measles, mumps and rubella (MMR) vaccine

नेशनल हेल्थ एण्ड मेडिकल रिसर्च काउन्सिलद्वारा विद्यालय खोप कार्यक्रममा किशोरकिशोरीहरूको लागि सिफारिश गरेका खोपहरू एन.एस.डब्ल्यु. हेल्थ (NSW Health) ले प्रदान गर्छ। बाबुआमा / अभिभावकले हस्ताक्षर गरेको मन्जुरी उपलब्ध गराउनु पर्नेछ।

## तपाईंले गर्नु पर्ने अन्य कुराहरु

- यो जानकारी पत्र ध्यान दिएर पढ्नुहोस्।
- यदि तपाई आफ्नो बच्चालाई मिजल्स (दादुरा), मम्प्स (गल्फू रोग) र रूबेला विरूद्ध खोप दिन चाहनुहुन्छ भने यो मन्जुरी फारम पूरा भर्नुहोस् र हस्ताक्षर गरेको मन्जुरी फारम आफ्नो बच्चा मार्फत विद्यालयमा फर्काई दिनुहोस्।
- यदि तपाई आफ्नो बच्चालाई मिजल्स (दादुरा), मम्प्स (गल्फू रोग) र रूबेला विरूद्ध खोप दिन चाहनु हुन्न भने मन्जुरी फारम नभर्नुहोस् अथवा फिर्ता नगर्नुहोस्।

## प्रश्न. दादुरा, गल्फू र रूबेला भनेको के हो ?

**दादुरा** अत्यन्त संक्रामक भाइरस हो जसले गर्दा ज्वरो आउने, खोकी लाग्ने र रातो बिमिरा आउने हुन्छ। प्रायः देखिने जटिलताहरुमा निमोनिया, पखाला र कानको मध्यभागको संक्रमण पर्दछन्। प्रत्येक 1,000 जना मध्ये 1 जनालाई मस्तिष्क सुजन देखिन्छ र यस्ता 10–15% व्यक्तिहरुको मृत्यु हुन्छ र धेरै जनाको स्थायीरुपमा मस्तिष्क क्षति हुन्छ।

**गल्फू** एउटा संक्रामक रोग हो जसले घाँटीको ग्रन्थीहरू सुन्निनुको साथै ज्वरो गराउँछ। लगभग 10% संक्रमित व्यक्तिहरुलाई मस्तिष्क र मेरुदण्डको आवरणीय झिल्लीहरुमा सुजन (मेनिन्जाइटिसको संकेत तथा लक्षणहरु) हुन्छ भने 15–30% वयस्क पुरुषहरुको अण्डकोष सुन्निने (अर्चाइटिस) हुन्छ। प्रथम त्रैमासमा हुने गल्फू संक्रमणले स्वत: गर्भपतन गराउन सक्छ।

**रूबेला** (जर्मन दादुरा) एउटा संक्रमित भाइरल रोग हो जसले रातो बिमिरा, ज्वरो आउने अनि ग्रन्थीहरू सुन्निने हुन्छ। यसले संक्रमित गर्भवती महिलाको बच्चामा एकदमै असामान्य असर गर्छ। गर्भमा रहेको प्रथम त्रैमासमा संक्रमण भएका शिशुहरुमध्ये 90% सम्मलाई यसले जन्मदै गम्भीर असामान्यताहरू जस्तै बौद्धिक असक्षमता, बहिरोपन, अन्धोपन, अथवा मुटुमा समस्या ल्याउँछ।

## प्रश्न. मिजल्स, मम्प्स र रूबेला कसरी फैलिन्छ ?

यी भाइरसहरू खोक्दा र हाँछ्यु गर्दा फैलिन्छ। सबै मानव संक्रमणहरूमध्ये, सबैभन्दा छिटो सर्नेमा मिजल्स एक हो। मिजल्स भएको मानिससँग एउटै कोठामा बस्दा पनि यसले संकमित पार्न सक्छ।

## प्रश्न. खोपहरूले कसरी काम गर्छ ?

खोपहरूले केही खास संक्रमणहरूसँग प्रतिरक्षा प्रणालीद्वारा लड्नलाई सहायता गर्ने काम गर्छ। यदि खोप लगाएको व्यक्ति यस्ता संक्रमणहरूको सम्पर्कमा आयो भने, उसको प्रतिरक्षा प्रणालीले अझ प्रभावकारी रूपमा प्रतिक्रिया देखाएर रोगलाई बढ्नबाट रोक्न वा यसको गम्भीरतालाई धेरैहदसम्म घटाउन सक्षम हुन्छ।

## प्रश्न. खोप कतिको प्रभावकारी हुन्छ ?

मिजल्स (दादुरा), मम्प्स (गल्फू रोग) र रूबेला (एक प्रकारको सरूवा भाईरल रोग) संक्रमण विरूद्ध सुरक्षा प्रदान गर्न एम.एम.आर. खोप धेरै प्रभावकारी छ।

## प्रश्न. कसले खोप लिनुपर्छ ?

किशोर किशोरहरूको लागि मिजल्स (दादुरा), मम्प्स (गल्फू रोग) र रूबेला (एक प्रकारको सरूवा भाईरल रोग) बाट बच्न पहिले खोप लिएको छैन भने मिजल्स (दादुरा), मम्प्स (गल्फू रोग) र रूबेला (एम.एम.आर.) को दुई मात्रा खोप लिन सिफारिस गरिएकोछ।

## प्रश्न. कसलाई खोप दिन हुदैन ?

एम.एम.आर. खोप निम्न व्यक्तिहरूलाई दिनु हुँदैन:

- पहिले नै दिइएको एम.एम.आर. खोपको मात्राको कारणले एनाफाइलेक्सिस भएको छ भने
- कुनै खोपमा भएका अन्य तत्वको (अर्को पानामा सुचिकृत) कारणले एनाफाइलेक्सिस भएको छ भने
- गर्भवती छन् भने (खोप लगाएको 28 दिनसम्म गर्भधारण गर्नुहुँदैन)
- विगत 4 हप्तामा जीवन्त खोप दिइएको छ भने, जस्तै भेरिसेला (ठेउला), बि.सी.जी. (क्षयरोग) अथवा यलो फिभर (yellow fever)।
- गत वर्षभित्र रगत चढाइएको (blood transfusion) / इम्युनोग्लोबुलीन इन्जेक्सन (सुई) लिएको छ भने।
- रोग प्रतिरोधात्मक क्षमता कमजोर भएको छ भने, जस्तै
  - (i) एच.आइ.भी./एड्स भएका मानिसहरू
  - (ii) उच्च-डोजको ओरल कोर्टीकोस्टरोइड्स (high-dose oral corticosteroids) लिइरहेका मानिसहरू
  - (iii) उच्च-डोजको सिस्टेमिक इम्युनोसप्रेसिभ उपचार, सामान्य विकीरण अथवा एक्स–रे थेरापी लिईरहेका मानिसहरू
  - (iv) लिमफोमा, लिउकेमिया र होडकिन्स रोगहरू लगायत रेटिकुलोइन्डोथेलियल (reticuloendothelial) प्रणालीको संक्रमित अवस्थाले पीडित भएका मानिसहरू।

## प्रश्न. एम.एम.आर. खोपमा के एडिटिभ्स (मिश्रण) मिसाइएको हुन्छ ?

एम.एम.आर. खोपमा ल्याक्टोज, नीओमाइसीन, सोरबिटोल र म्यान्नीटोल मिसाइका हुन्छन्। यी मिश्रणहरू खोपमा ज्यादै सानो परिमाणमा समावेश गरिएको हुन्छ ताकी त्यसले कि त खोपले काम गर्न सहायता पुर्‍याउँछ वा खोपलाई जोगाउने वस्तुकोरुपमा कार्य गर्छ।

## प्रश्न. खोपहरू कतिको सुरक्षित छन् ?

अष्ट्रेलियामा प्रयोग हुने खोपहरू सुरक्षित छन् र थेराप्युटिक गुड्स एडमीनीस्ट्रेशन (Therapeutic Goods Administration; TGA) बाट पारित हुनुअघि कडा सुरक्षा परीक्षण पास गर्नुपर्छ। यसको साथै TGA ले प्रयोगमा आएका खोपहरूको सुरक्षा अनुगमन गर्छ।

## प्रश्न. एम.एम.आर. खोपबाट हुने अन्य असरहरू के के हुन् ?

एम.एम.आर. खोप सुरक्षित, प्रभावकारी र राम्ररी सहन सक्ने हुन्छ। असरहरू सामान्यतया हल्का हुन्छन् र यसमा अलि बिसन्चो हुने, ज्वरो र /अथवा बिमिरा (यो संक्रमित हुँदैन र एम.एम.आर. खोप लगाएको 5-12 दिन पछि देखा पर्नसक्छ) आउन सक्छ। गम्भीर अन्य असरहरूमा एनाफाइलेक्सीस (तल जानकारी हेर्नुहोस्), ट्रान्सीएन्ट लाइम्फेडेनोप्याथी (लीम्फको गाँठोहरू थोरै समयको लागि सुन्निने), आर्थ्रल्जीआ (जोर्नी दुख्ने),र थ्रोमबोसाइटोपेनिया (रातो डाम आउने र रक्तश्राव हुने सम्भावना बढ्ने) हुने सम्भावना अत्यन्तै दुर्लभ हुन्छ। खोपको असरहरुको बारे थप जानकारी उपभोक्ता औषधी सूचना (सी.एम.आई.) मा www.health.nsw.gov.au/schoolvaccination मार्फत प्राप्त गर्न सकिन्छ। खोप दिए पश्चात् अतिरिक्त असरहरुप्रति चासो राख्ने बाबुआमाहरुले जी.पी. (GP) लाई सम्पर्क गर्नुपर्छ, जसले स्थानीय जन स्वास्थ्य इकाईमा खबर गरिदिनु पर्छ।

## प्रश्न. एनाफाइलेक्सीस भनेको के हो ?

एनाफाइलेक्सीस (Anaphylaxis) अचेत हुने र चाँडो उपचार गरिएन भने मृत्यु नै हुनसक्ने गम्भीर एलर्जीक प्रतिक्रिया हो। **खोप दिएपछि यस्तो देखिने एकदमै दुलर्भ हुन्छ।** विद्यालयमा खोप दिने नर्सहरू एनाफाइलेक्सीसको उपचारको लागि पूर्ण तालिमप्राप्त हुन्छन्।

## प्रश्न. गर्भवती भएका अथवा हुन सक्ने आशंका भएका महिला विद्यार्थीलाई खोप दिन मिल्छ ?

मिल्दैन। गर्भवती भएका, अथवा आफू गर्भवती भएको हुनसक्ने आशंका गरिरहेका महिला विद्यार्थीलाई खोप दिन मिल्दैन। खोप दिने दिनमा नर्सहरूले महिला विद्यार्थीहरूलाई गर्भवती भएको अथवा हुन सक्ने आशंका छ कि भनेर सोध्नेछन्। यदि विद्यार्थीले छ भन्ने उत्तर दिएमा उसलाई खोप दिइने छैन। अनि सो विद्यार्थीलाई तुरुन्तै यस विषयमा आफ्नो बाबुआमा / अभिभावकसँग छलफल गर्न र चिकित्सकको सहायता लिन आग्रह गरिनेछ। यसको साथै उनीलाई सल्लाह, सहयोग र निर्देशनको लागि स्वास्थ्य सिफारिस सेवाको सम्पर्क विवरणहरू दिइनेछ।

**एम.एम.आर. खोप लिएका महिला विद्यार्थीहरू खोप लिएको दिनदेखि 28 दिनसम्म गर्भधारण गर्नुहुँदैन।**

## प्रश्न. यदि मेरो बच्चालाई दम (asthma) छ र पफर (puffer) द्वारा कोर्टिसोन (cortisone) अथवा प्रेडनीसोन (prednisone) लिने गरेको छ भने के हुन्छ ?

दमको कारणले जुनसुकै औषधि लिएको भएतापनि सुरक्षित तरीका अपनाएर कसैलाई एम.एम.आर. खोप दिन सकिनेछ।

## प्रश्न. खोप दिनको लागि कसले मञ्जुरी दिन सक्छ र के मञ्जुरी फिर्ता लिन सकिन्छ ?

18 वर्ष उमेर मुनिका विद्यार्थीहरुको लागि खोप दिन बाबुआमा/ अभिभावकहरुले मात्र मञ्जुरी दिन सक्छन्। 18 वर्ष र त्यस माथि उमेरका विद्यार्थीहरुले आफ्नै खोपको लागि मञ्जुरी दिन सक्छन् र उनीहरुले अनुमति फारम भरी 'बाबुआमा / अभिभावकहरु' संकेत गरिएको ठाउँमा हस्ताक्षर गर्नुपर्छ। स्कूललाई मञ्जुरी फिर्ता गर्ने लिखित सुचना दिएर वा मञ्जुरी फिर्ताको लागि स्कूलमा फोन गरेर कुनै पनि समयमा मञ्जुरी फिर्ता लिन सकिन्छ।

## मैले कसरी खोपहरूको रेकर्ड प्राप्त गर्न सक्छु?

तपाईंको बच्चाको खोपहरूको जानकारी अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (Australian Immunisation Register; AIR) मा अपलोड गरिनेछ ता कि यसलाई तपाईंको बच्चाको इम्युनाइजेशन इतिहाससँग जोड्न सकिन्छ।

अभिभावकहरूले आफ्नो बच्चा १४ वर्ष नपुगन्जेलसम्म कुनै पनि समयमा आफ्नो बच्चाको ए.आई.आर. इम्युनाइजेशन हिस्ट्री स्टेटमेन्ट (AIR Immunisation History Statement) को लागि अनुरोध गर्न सक्छन्, र १४ वर्ष र त्यसभन्दा बढी उमेरका विद्यार्थीहरूले आफ्नो इम्युनाइजेशन इतिहासको विवरणको लागि निम्न बमोजिम अनुरोध गर्न सक्छन्:

- मेडिकेयर अनलाइन एकाउन्ट प्रयोग गरेर myGov my.gov.au/ मार्फत
- मेडिकेयर एक्सप्रेस प्लस एप (Medicare Express Plus App) प्रयोग गरेर www.humanservices.gov.au/individuals/subjects/express-plus-mobile-apps
- ए.आई.आर. साधारण सोधपुछ (AIR General Enquiries) लाई 1800 653 809 मा फोन गरेर।

## प्रश्न. विद्यालयमा नर्स आएको दिन मेरो बच्चा बिरामी वा अनुपस्थित भएर खोप लगाउन छुट्यो भने मैले के गर्न सक्छु ?

तपाईंले आफ्नो स्थानीय डाक्टरलाई सम्पर्क गरेर खोप लगाउने व्यवस्था मिलाउनु पर्छ।

## प्रश्न. मेरो बच्चाको बारेमा दिइएको जानकारीलाई के गरिन्छ?

मन्जुरी फारममा तपाईंले दिएको जानकारीहरू एन.एस.डब्ल्यु. र कमनवेल्थको कानुनमा भएको कडा गोपनीयता (confidentiality and privacy) प्रावधानहरूको अधीनमा रहनेछन् (संलग्न प्राइभेसी स्टेटमेन्ट हेर्नुहोस्)। यी सूचनालाई एन.एस.डब्ल्यु. स्वास्थ्य इम्युनाइजेशन रजिष्टरमा प्रविष्ट गरिनेछ र त्यसपछि अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ ताकि यो तपाईंको बच्चाको विद्यमान इम्युनाइजेशन ईतिहाससँग जोड्न सकिनेछ र माईगभ (MyGov) मा हेर्न सकिनेछ।

## विद्यालयमा खोप कार्यक्रमको बारेमा थप जानकारी मैले कहाँ प्राप्त गर्न सक्छु?

थप जानकारी निम्नानुसार प्राप्त गर्न सकिन्छ :

- एन.एस.डब्ल्यु. हेल्थ (NSW Health) को वेबसाइट www.health.nsw.gov.au/schoolvaccination मा गएर,
- तपाईंको स्थानीय पब्लिक हेल्थ युनिटलाई 1300 066 055 मा सम्पर्क गरेर।

September 2022 © NSW Ministry of Health. SHPN (HP NSW) 220731-1-16

## खोप दिएपछि के गर्ने

- यसको रेकर्ड राख्नुहोस्, किनभने तपाईंले पछि यो जानकारी उपलब्ध गराउन आवश्यक पर्न सक्नेछ।
- तपाईंको बच्चाको खोपसँग सम्बन्धित जानकारी स्वत: अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ। तपाईंले खोप मितिको बारेमा आफ्नो जी.पी. लाई अपडेट गर्न सक्नुहुन्छ।

## यदि खोप लगाएको ठाँउमा कुनै दुष्प्रभाव देखिएमा के गर्ने

- ठीक पार्नलाई खोप लगाएको ठाउँमा भिजेको चिसो कपडा राख्ने।
- दुखाइको लागि पारासिटामोल लिने।
- थप मात्रामा झोल पदार्थ पिउने।

**यदि खोपको कारणले तपाईंको बच्चामा असर देखिएकोले तपाईंलाई चिन्तित बनाएको छ भने कृपया आफ्नो स्थानीय डक्टरसँग सम्पर्क गर्नुहोस्।**

NSW GOVERNMENT


## खोप दिएपछि के गर्ने

- यसको रेकर्ड राख्नुहोस्, किनभने तपाईंले पछि यो जानकारी उपलब्ध गराउन आवश्यक पर्न सक्नेछ।
- तपाईंको बच्चाको खोपसँग सम्बन्धित जानकारी स्वत: अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ। तपाईंले खोप मितिको बारेमा आफ्नो जी.पी. लाई अपडेट गर्न सक्नुहुन्छ।

## यदि खोप लगाएको ठाँउमा कुनै दुष्प्रभाव देखिएमा के गर्ने

- ठीक पार्नलाई खोप लगाएको ठाउँमा भिजेको चिसो कपडा राख्ने।
- दुखाइको लागि पारासिटामोल लिने।
- थप मात्रामा झोल पदार्थ पिउने।

**यदि खोपको कारणले तपाईंको बच्चामा असर देखिएकोले तपाईंलाई चिन्तित बनाएको छ भने कृपया आफ्नो स्थानीय डक्टरसँग सम्पर्क गर्नुहोस्।**

NSW GOVERNMENT


220731-2-16

Nepali

# मिजल्स (दादुरा), मम्प्स (गल्फू) र रूबेला (एक प्रकारको भाईरल रोग) (एम.एम.आर) हरूको खोपको लागि मन्जुरी सरूवा

NSW GOVERNMENT

अभिभावक / संरक्षकले भर्नुपर्ने। कृपया **कालो** अथवा **निलो** कलम प्रयोग गरी **ठूलो अक्षरमा** लेख्नुहोस्।

### 1. विद्यार्थीको विवरण

थर

नाम

जन्म मिति __ __ / __ __ / 2 0 __ __

लिङ्ग ☐ पुरूष ☐ महिला ☐ अनिश्चित/अन्तरलिंगी/अनिर्दिष्ट

कक्षा

विद्यालयको नाम

मेडिकेअर नम्बर

☐ मेडिकेअर कार्डमा तपाईंको बच्चाको नामको छेउमा भएको नम्बर

### 2. आदिबासी (Indigenous) सम्बन्धी जानकारी

☐ होइन ☐ हो, एवोरीजिनल (आदिवासी) ☐ हो, टोरेस् स्ट्रेट आइल्याण्डर ☐ हो, एवोरीजिनल (आदिवासी) र टोरेस् स्ट्रेट आइल्याण्डर दुवै

### 3. तपाईंको विवरण – अभिभावक वा कानुनी संरक्षक

मिजल्स (दादुरा), मम्प्स (गल्फू) र रूबेला (एक प्रकारको सरूवा भाईरल रोग) को खोपबाट हुने फाइदाहरू तथा त्यसको कारणबाट हुनसक्ने सम्भावित असरहरूको बारेमा दिइएको जानकारीहरू मैंले पढें र बुझें।

तसर्थ म माथि उल्लेखीत नाम भएको मेरो बच्चालाई मिजल्स (दादुरा), मम्प्स (गल्फू) र रूबेला (एक प्रकारको सरूवा भाईरल रोग)को खोपको २ मात्रा लिन मन्जुरी दिन्छु।

मलाई थाहा भए अनुसार म घोषणा गर्छु कि मेरो बच्चालाई :

1. खोप लिए पछि कुनै एनाफाइलेक्टिक (अचेत हुने र चाँडो उपचार गरिएन भने मृत्यु नै हुनसक्ने एलर्जिक प्रतिकृया) असर भएको छैन।
2. अभिभावकका लागि दिइएको जानकारी पत्रमा उल्लेख भए अनुसार खोपमा भएका तत्वहरूबाट अति संवेदनशील असर भएको छैन।
3. गर्भवती छैन।

अभिभावक/संरक्षकको नाम (उदाहरणको लागि JOHN SMITH)

घरको ठेगाना(उदाहरणको लागि 5 SMITH LANE)

सबर्ब पोष्टकोड

मोबाइल नम्बर

भरपर्दो वैकल्पिक नम्बर (एरिया कोर्ड सहित उदाहरणको लागि 02)

अभिभावक/संरक्षकको सही

मिति __ __ / __ __ / 2 0 __ __

उदाहरणको लागि मात्र
यो मन्जुरी फारम अंग्रेजीमा भर्नुहोस्

## एम.एम.आर खोपको रेकर्ड

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

### कार्यालय प्रयोजनको लागि मात्र

पहिलो मात्रा

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24 घण्टा)

खोपको ब्याच नम्बर

नर्स (परिचारिका) को सही ✕

मिति __ / __ 2 0 __

दोस्रो मात्रा

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24 घण्टा)

खोपको ब्याच नम्बर

नर्स (परिचारिका) को सही ✕

मिति __ / __

### नर्स (परिचारिका) को टिपोट

खोप नदिनाको कारण

- ☐ अनुपस्थित
- ☐ असहमति जनाउनु अर्थात इन्कार गर्नु
- ☐ सन्चो नभएको
- ☐ सही नगरेको
- ☐ मन्जुरी फिर्ता लिएको
- ☐ अन्य

## **अभिभावक/ संरक्षक** मिजल्स (दादुरा), मम्प्स (गल्फू) र रूबेला (एक प्रकारको सरूवा भाईरल रोग) (एम.एम.आर) खोपको रेकर्ड।

### एम.एम.आर खोपको रेकर्ड — पहिलो मात्रा

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

#### कार्यालय प्रयोजनको लागि मात्र

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24 घण्टा) __ : __

खोपको ब्याच नम्बर

नर्स (परिचारिका) को सही ✕

मिति __ / __ 2 0 __

### एम.एम.आर खोपको रेकर्ड — दोस्रो मात्रा

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

#### कार्यालय प्रयोजनको लागि मात्र

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24 घण्टा) __ : __

खोपको ब्याच नम्बर

नर्स (परिचारिका) को सही ✕

मिति __ / __ 2 0 __

उदाहरणको लागि मात्र
यो मन्जुरी फारम अंग्रेजीमा भर्नुहोस्

# पोलियो खोप

Polio vaccine

नेशनल हेल्थ एण्ड मेडिकल रिसर्च काउन्सिलद्वारा विद्यालय खोप कार्यक्रममा किशोरकिशोरीहरूको लागि सिफारिश गरेका खोपहरू एन.एस.डब्ल्यु. हेल्थ (NSW Health) ले प्रदान गर्छ। बाबुआमा / अभिभावकले हस्ताक्षर गरेको मन्जुरी उपलब्ध गराउनु पर्नेछ।

### तपाईंले गर्नु पर्ने अन्य कुराहरु

- यो जानकारी पत्र ध्यान दिएर पढ्नुहोस्।
- यदि तपाईं आफ्नो बच्चालाई भेरिसेला (ठेउला) विरूद्ध खोप दिन चाहनुहुन्छ भने यो मन्जुरी फारम पूरा भर्नुहोस् र हस्ताक्षर गरेको मन्जुरी फारम आफ्नो बच्चा मार्फत विद्यालयमा फर्काई दिनुहोस्।
- यदि तपाईं आफ्नो बच्चालाई पोलियो विरूद्ध खोप दिन चाहनु हुन्न भने मन्जुरी फारम नभर्नुहोस् अथवा फिर्ता नगर्नुहोस्।

## प्रश्न. पोलियो (पोलियोमाइलिटीस) के हो ?

पोलियो, पोलियो-भाइरसद्वारा हुने, एक भाइरल (जैविक) संक्रमण हो जसको कारणले पक्षघात र मृत्यु हुन सक्छ। पोलियोबाट संक्रमित धेरै जसो मानिसहरुमा कुनै लक्षण देखिंदैन। पोलियो संक्रमित करिब 10% मानिसहरुमा सामान्य बिसन्चो हुने जस्तो ज्वरो आउने, टाउको दुख्ने थकाइ लाग्ने, वाक वाक आउने र बान्ता आउने हुन्छ। यी मध्ये धेरै जसो मानिसहरु पुर्णरुपमा निको हुन्छन भने करिब 2 प्रतिशतमा मस्तिस्कको लाईनिङ (lining) सुन्निनाले ढाड र घाँटी कडा हुन्छ जसले गर्दा मांसपेशीमा अत्यधिक दुखेको अनुभव हुन्छ। 1 प्रतिशत भन्दा कम संक्रमित मानिसहरुमा गम्भीर कमजोरीपन हुन्छ जसलाई एक्युट फ्लासिड पक्षघात (acute flaccid paralysis) भनिन्छ, जस्ले टाउको तथा घाँटीको मांसपेशी र श्वासप्रश्वासमा प्रयोग हुने मांसपेशीहरुलाई असर गर्दछ।

## प्रश्न. पोलियो कसरी फैलिन्छ ?

पोलियोबाट संक्रमित मानिसहरुको दिसा (जस्तो नधोइएको हात), र्‍याल द्वारा उनीहरुसँग नजिकको सम्पर्कमा आउँदा पोलियो फैलिन्छ। पोलियो भाइरस नाक अथवा मुख भएर शरीरभित्र प्रवेश गर्छ र पेटमा संक्रमण शुरु हुन्छ। अनि यो रक्त प्रवाहमा प्रवेश गर्छ र स्नायु प्रणाली लगायत शरीरका अन्य भागहरुमा पुग्छ। सामान्यतया धेरै जसो सन्दर्भमा 10 दिनमा संक्रमण शुरु हुन्छ र 10 दिनपछि प्रणालीमा देखिन थाल्छ।

## प्रश्न. खोपहरूले कसरी काम गर्छ ?

खोपहरूले केही खास संक्रमणहरूसँग प्रतिरक्षा प्रणालीद्वारा लड्नलाई सहायता गर्ने काम गर्छ। यदि खोप लगाएको व्यक्ति यस्ता संक्रमणहरूको सम्पर्कमा आयो भने, उसको प्रतिरक्षा प्रणालीले अझ प्रभावकारी रूपमा प्रतिक्रिया देखाएर रोगलाई बढ्नबाट रोक्न वा यसको गम्भीरतालाई धेरैहदसम्म घटाउन सक्षम हुन्छ।

## प्रश्न. पोलियो खोप कत्तिको प्रभावकारी छ ?

पोलियो खोपको 3 डोज (खुराक) भएको प्राथमिक कोर्स (course) यस रोग विरूद्ध कम्तिमा 99% प्रभावकारी हुन्छ।

## प्रश्न. कसले खोप लिनुपर्छ ?

पोलियो खोपको प्राथमिक कोर्स नपाएका विद्यार्थीहरु (कम्तिमा पनि 4 हप्ताको अन्तरालमा खोपको 3 खुराक) लाई खोप दिनुपर्छ। धेरैजसो विद्यार्थीहरुले विद्यालय कम्तिमा पनि खोपको 1 खुराक पाएका हुन्छन्, 2 खुराकसम्म ईन्टेन्सिव ईङलिश सेन्टरमा दिइन्छ र ,आवश्यक परेको खण्डमा, तेस्रो खुराकको लागि स्थानीय डाक्टरसँग सम्पर्क गर्न अभिभावकहरुलाई सल्लाह दिइन्छ।

## प्रश्न. कसलाई खोप दिन हुदैन ?

पोलियो खोप निम्न व्यक्तिहरूलाई दिनु हुँदैन:

- पहिले दिइएको खोपको मात्राको कारणले एनाफाइलेक्सिस भएको छ भने
- खोपमा भएको मिश्रणको कारणले एनाफाइलेक्सिस भएको छ भने (तल सुचिकृत गरिएको)

## प्रश्न. एनाफाइलेक्सीस भनेको के हो ?

एनाफाइलेक्सीस (Anaphylaxis) अचेत हुने र चाँडो उपचार गरिएन भने मृत्यु नै हुनसक्ने गम्भीर एलर्जीक प्रतिक्रिया हो। **खोप दिएपछि यस्तो देखिने एकदमै दुलर्भ हुन्छ।** विद्यालयमा खोप दिने नर्सहरू एनाफाइलेक्सीसको उपचारको लागि पूर्ण तालिमप्राप्त हुन्छन्।

## प्रश्न. मेरो बच्चालाई पहिले नै पोलियो खोप दिए नदिएको मलाई याद छैन अथवा म सँग कुनै अभिलेख छैन भने मैले के गर्नुपर्छ ?

पहिले खोप दिए नदिएको कुनै प्रमाण उपलब्ध नभएको खण्डमा बच्चा र वयस्कलाई सुरक्षित तरिकाबाट पोलियो खोप दिन सकिन्छ।

## प्रश्न. पोलियो खोपमा के एडिटिभ्स (मिश्रण) मिसाइएको हुन्छ ?

खोपमा फेनोजाईथानोल, फर्मलडेहाईड, पोलिसर्वेट 80 र निओमाइसिनका ज्यादै थोरै परिमाण, स्ट्रेप्टोमाइसिन्, पोलिमाइसिन बि र बोभाइन सेरम एल्बुमिन मिसाइका हुन्छन्।

यी मिश्रणहरू खोपमा ज्यादै सानो परिमाणमा समावेश गरिएको हुन्छ ताकी त्यसले कि त खोपले काम गर्न सहायता पुर्‍याउँछ वा खोपलाई जोगाउने वस्तुकोरुपमा कार्य गर्छ।

उत्पादनको क्रममा सो खोपलाई बोभाइनबाट व्युत्पादित (bovine-derived) सामग्रीहरुको सम्पर्कमा राखिएको थियो।

## प्रश्न. खोपहरू कतिको सुरक्षित छन् ?

अष्ट्रेलियामा प्रयोग हुने खोपहरू सुरक्षित छन् र थेराप्युटिक गुड्स एडमीनीस्ट्रेशन (Therapeutic Goods Administration; TGA) बाट पारित हुनुअघि कडा सुरक्षा परीक्षण पास गर्नुपर्छ। यसको साथै TGA ले प्रयोगमा आएका खोपहरूको सुरक्षा अनुगमन गर्छ।

## प्रश्न. पोलियो खोपबाट हुने अन्य असरहरू के के हुन् ?

सामान्यतया यसका असरहरु हल्का हुन्छन् जस्तै सुई दिईएको ठाउँमा दुख्ने, रातो हुने, सुन्निने अथवा ज्वरो आउने। गम्भीर किसिमका असर अत्याधिक दुर्लभ हुन्छन्। खोपको असरहरुको बारे थप जानकारी उपभोक्ता औषधी सूचना (सीएमआई) मा www.health.nsw.gov.au/schoolvaccination मार्फत प्राप्त गर्न सकिन्छ। खोप दिए पश्चात् अतिरिक्त असरहरुप्रति चासो राख्ने बाबुआमाहरुले जी.पी. (GP) लाई सम्पर्क गर्नुपर्छ, जसले स्थानीय जन स्वास्थ्य इकाईमा खबर गरिदिनु पर्छ।

## प्रश्न. गर्भवती भएका अथवा हुन सक्ने आशंका भएका महिला विद्यार्थीलाई खोप दिन मिल्छ ?

मिल्दैन। गर्भवती भएका, अथवा आफू गर्भवती भएको हुनसक्ने आशंका गरिरहेका महिला विद्यार्थीलाई खोप दिन मिल्दैन। खोप दिने दिनमा नर्सहरूले महिला विद्यार्थीहरूलाई गर्भवती भएको अथवा हुन सक्ने आशंका छ कि भनेर सोध्नेछन्। यदि विद्यार्थीले छ भन्ने उत्तर दिएमा उसलाई खोप दिइने छैन। अनि सो विद्यार्थीलाई तुरुन्तै यस विषयमा आफ्नो बाबुआमा / अभिभावकसँग छलफल गर्न र चिकित्सकको सहायता लिन आग्रह गरिनेछ। यसको साथै उनीलाई सल्लाह, सहयोग र निर्देशनको लागि स्वास्थ्य सिफारिस सेवाको सम्पर्क विवरणहरू दिइनेछ।

## प्रश्न. यदि मेरो बच्चालाई दम (asthma) छ र पफर (puffer) द्वारा कोर्टिसोन (cortisone) अथवा प्रेडनीसोन (prednisone) लिने गरेको छ भने के हुन्छ ?

दमको कारणले जुनसुकै औषधि लिएको भएतापनि सुरक्षित तरीका अपनाएर कसैलाई पोलियो खोप दिन सकिनेछ।

## प्रश्न. खोप दिनको लागि कसले मञ्जुरी दिन सक्छ र के मञ्जुरी फिर्ता लिन सकिन्छ ?

18 वर्ष उमेर मुनिका विद्यार्थीहरुको लागि खोप दिन बाबुआमा/ अभिभावकहरुले मात्र मञ्जुरी दिन सक्छन्। 18 वर्ष र त्यस माथि उमेरका विद्यार्थीहरुले आफ्नै खोपको लागि मञ्जुरी दिन सक्छन् र उनीहरुले अनुमति फारम भरी 'बाबुआमा / अभिभावकहरु' संकेत गरिएको ठाउँमा हस्ताक्षर गर्नुपर्छ। स्कूललाई मञ्जुरी फिर्ता गर्ने लिखित सुचना दिएर वा मञ्जुरी फिर्ताको लागि स्कूलमा फोन गरेर कुनै पनि समयमा मञ्जुरी फिर्ता लिन सकिन्छ।

## प्रश्न. मैले कसरी खोपहरूको रेकर्ड प्राप्त गर्न सक्छु?

तपाईंको बच्चाको खोपहरूको जानकारी अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (Australian Immunisation Register; AIR) मा अपलोड गरिनेछ ता कि यसलाई तपाईंको बच्चाको इम्युनाइजेशन इतिहाससँग जोड्न सकिन्छ।

अभिभावकहरूले आफ्नो बच्चा १४ वर्ष नपुगन्जेलसम्म कुनै पनि समयमा आफ्नो बच्चाको ए.आई.आर. इम्युनाइजेशन हिस्ट्री स्टेटमेन्ट (AIR Immunisation History Statement) को लागि अनुरोध गर्न सक्छन्, र १४ वर्ष र त्यसभन्दा बढी उमेरका विद्यार्थीहरूले आफ्नो इम्युनाइजेशन इतिहासको विवरणको लागि निम्न बमोजिम अनुरोध गर्न सक्छन्:

- मेडिकेयर अनलाइन एकाउन्ट प्रयोग गरेर myGov my.gov.au/ मार्फत
- मेडिकेयर एक्सप्रेस प्लस एप (Medicare Express Plus App) प्रयोग गरेर www.humanservices.gov.au/individuals/subjects/express-plus-mobile-apps
- ए.आई.आर. साधारण सोधपुछ (AIR General Enquiries) लाई 1800 653 809 मा फोन गरेर।

## प्रश्न. विद्यालयमा नर्स आएको दिन मेरो बच्चा बिरामी वा अनुपस्थित भएर खोप लगाउन छुट्यो भने मैले के गर्न सक्छु ?

तपाईंले आफ्नो स्थानीय डाक्टरलाई सम्पर्क गरेर खोप लगाउने व्यवस्था मिलाउनु पर्छ।

## प्रश्न. मेरो बच्चाको बारेमा दिइएको जानकारीलाई के गरिन्छ ?

मन्जुरी फारममा तपाईंले दिएको जानकारीहरू एन.एस.डब्ल्यु. र कमनवेल्थको कानुनमा भएको कडा गोपनीयता (confidentiality and privacy) प्रावधानहरूको अधीनमा रहनेछन् (संलग्न प्राइभेसी स्टेटमेन्ट हेर्नुहोस्)। यी सूचनालाई एन.एस.डब्ल्यु. स्वास्थ्य इम्युनाइजेशन रजिष्टरमा प्रविष्ट गरिनेछ र त्यसपछि अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ ताकि यो तपाईंको बच्चाको विद्यमान इम्युनाइजेशन ईतिहाससँग जोड्न सकिनेछ र माईगभ (MyGov) मा हेर्न सकिनेछ।

## प्रश्न. विद्यालयमा खोप कार्यक्रमको बारेमा थप जानकारी मैले कहाँ प्राप्त गर्न सक्छु?

थप जानकारी निम्नानुसार प्राप्त गर्न सकिन्छ :

- एन.एस.डब्ल्यु. हेल्थ (NSW Health) को वेवसाइट www.health.nsw.gov.au/schoolvaccination मा गएर,
- तपाईंको स्थानीय पब्लिक हेल्थ युनिटलाई 1300 066 055 मा सम्पर्क गरेर।

September 2022 © NSW Ministry of Health. SHPN (HP NSW) 220732-1-16

## खोप दिएपछि के गर्ने

- यसको रेकर्ड राख्नुहोस्, किनभने तपाईंले पछि यो जानकारी उपलब्ध गराउन आवश्यक पर्न सक्नेछ।
- तपाईंको बच्चाको खोपसँग सम्बन्धित जानकारी स्वत: अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ। तपाईंले खोप मितिको बारेमा आफ्नो जी.पी. लाई अपडेट गर्न सक्नुहुन्छ।

## यदि खोप लगाएको ठाँउमा कुनै दुष्प्रभाव देखिएमा के गर्ने

- ठीक पार्नलाई खोप लगाएको ठाउँमा भिजेको चिसो कपडा राख्ने।
- दुखाइको लागि पारासिटामोल लिने।
- थप मात्रामा झोल पदार्थ पिउने।

**यदि खोपको कारणले तपाईंको बच्चामा असर देखिएकोले तपाईंलाई चिन्तित बनाएको छ भने कृपया आफ्नो स्थानीय डक्टरसँग सम्पर्क गर्नुहोस्।**

NSW GOVERNMENT


## खोप दिएपछि के गर्ने

- यसको रेकर्ड राख्नुहोस्, किनभने तपाईंले पछि यो जानकारी उपलब्ध गराउन आवश्यक पर्न सक्नेछ।
- तपाईंको बच्चाको खोपसँग सम्बन्धित जानकारी स्वत: अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा अपलोड गरिनेछ। तपाईंले खोप मितिको बारेमा आफ्नो जी.पी. लाई अपडेट गर्न सक्नुहुन्छ।

## यदि खोप लगाएको ठाँउमा कुनै दुष्प्रभाव देखिएमा के गर्ने

- ठीक पार्नलाई खोप लगाएको ठाउँमा भिजेको चिसो कपडा राख्ने।
- दुखाइको लागि पारासिटामोल लिने।
- थप मात्रामा झोल पदार्थ पिउने।

**यदि खोपको कारणले तपाईंको बच्चामा असर देखिएकोले तपाईंलाई चिन्तित बनाएको छ भने कृपया आफ्नो स्थानीय डक्टरसँग सम्पर्क गर्नुहोस्।**

NSW GOVERNMENT


220732-2-16



# पोलियो खोपको लागि मन्जुरी

NSW GOVERNMENT

अभिभावक / संरक्षकले भर्नुपर्ने। **कृपया** कालो अथवा **निलो** कलम प्रयोग गरी **ठूलो अक्षरमा** लेख्नुहोस्।

## 1. विद्यार्थीको विवरण

थर

नाम

जन्म मिति __ __ / __ __ / 2 0 __ __

लिङ्ग ☐ पुरूष ☐ महिला ☐ अनिश्चित/अन्तरलिंगी/अनिर्दिष्ट

कक्षा

विद्यालयको नाम

मेडिकेअर नम्बर

☐ मेडिकेअर कार्डमा तपाईंको बच्चाको नामको छेउमा भएको नम्बर

## 2. आदिबासी (Indigenous) सम्वन्धी जानकारी

☐ होइन ☐ हो, एवोरीजिनल (आदिवासी) ☐ हो, टोरेस् स्ट्रेट आइल्याण्डर ☐ हो, एवोरीजिनल (आदिवासी) र टोरेस् स्ट्रेट आइल्याण्डर दुवै

## 3. तपाईंको विवरण – अभिभावक वा कानुनी संरक्षक

पोलियो खोपबाट हुने फाइदाहरू तथा त्यसको कारणबाट हुनसक्ने सम्भावित असरहरूको बारेमा दिइएको जानकारीहरू मैले पढें र बुझें ।

तसर्थ म माथि उल्लेखीत नाम भएको मेरो बच्चालाई पोलियो खोपको २ मात्रा लिन मन्जुरी दिन्छु ।

मलाई थाहा भए अनुसार म घोषणा गर्छु कि मेरो बच्चालाई :

1. खोप लिए पछि कुनै एनाफाइलेक्टिक (अचेत हुने र चाँडो उपचार गरिएन भने मृत्यु नै हुनसक्ने एलर्जिक प्रतिकृया) असर भएको छैन।
2. अभिभावकका लागि दिइएको जानकारी पत्रमा उल्लेख भए अनुसार खोपमा भएका तत्वहरूबाट अति संवेदनशील असर भएको छैन।
3. गर्भवती छैन।

अभिभावक/संरक्षकको नाम (उदाहरणको लागि JOHN SMITH)

घरको ठेगाना(उदाहरणको लागि 5 SMITH LANE)

सबर्व

पोष्टकोड

मोबाइल नम्बर

भरपर्दो वैकल्पिक नम्बर (एरिया कोर्ड सहित उदाहरणको लागि 02)

अभिभावक/संरक्षकको सही

मिति __ __ / __ __ / 2 0 __ __

उदाहरणको लागि मात्र
यो मन्जुरी फारम अंग्रेजीमा भर्नुहोस्

# पोलियो खोपको रेकर्ड

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

कार्यालय प्रयोजनको लागि मात्र

पहिलो मात्रा

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24घण्टा)

खोपको ब्याच नम्बर

नर्स (परिचारिका) को सही

मिति __ / __ 2 0 __

दोस्रो मात्रा

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24 घण्टा)

खोपको ब्याच नम्बर

नर्स (परिचारिका) को सही

×

मिति __ / __ 2 0 __

**नर्स (परिचारिका) को टिपोट**

खोप नदिनाको कारण

- ☐ अनुपस्थित
- ☐ असहमति जनाउनु अर्थात इन्कार गर्नु
- ☐ सन्चो नभएको
- ☐ सही नगरेको
- ☐ मन्जुरी फिर्ता लिएको
- ☐ अन्य

# अभिभावक/ संरक्षक पोलियो खोपको रेकर्ड

## पोलियो खोपको रेकर्ड

पहिलो मात्रा

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

कार्यालय प्रयोजनको लागि मात्र

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24 घण्टा) __ : __

खोपको ब्याच नम्बर

नर्स (परिचारिका) को सही

×

मिति __ / __ 2 0 __

## पोलियो खोपको रेकर्ड

दोस्रो मात्रा

✍ अभिभावक/ संरक्षकले भर्नु पर्ने

**विद्यार्थीको नाम** (उदाहरणको लागि JANE SMITH)

कार्यालय प्रयोजनको लागि मात्र

**पाखुरा** ☐ देब्रे ☐ दाहिने

खोप दिइएको समय (24घण्टा) __ : __

खोपको ब्याच नम्बर

नर्स (परिचारिका) को सही

×

मिति __ / __ 2 0 __

उदाहरणको लागि मात्र
यो मन्जुरी फारम अंग्रेजीमा भर्नुहोस्

# प्राइभेसी स्टेटमेन्ट (गोपनियताको बयान)

## हाम्रो दायित्वहरू

तपाईंको व्यक्तिगत जानकारीलाई गोपनियता कानून अनुसार व्यवहार गर्न हामी प्रतिबद्ध छौं।

कसरी र किन तपाईं र तपाईंको बच्चाको व्यक्तिगत जानकारी लिइन्छ र तपाईंले कसरी तपाईंको जानकारी प्राप्त गर्न सक्नुहुन्छ र तपाईंको जानकारी एन.एस.डब्ल्यु. को पब्लिक हेल्थ सर्भिस अन्तर्गत प्रयोग गर्न वा अन्य सरोकारवाला व्यक्ति वा संस्थाहरुलाई खुलासा गर्न पनि सकिन्छ भनी यो विवरणले व्याख्या गर्छ। तपाईंको व्यक्तिगत जानकारी भित्र तपाईं र तपाईंको बच्चाको व्यक्तिगत विवरण र तपाईंको बच्चाको खोपसँग सम्बन्धित व्यक्तिगत स्वास्थ्य जानकारी लगायत पर्दछन्।

## संकलन

व्यक्तिगत जानकारी संकलन गरिएको छ ता कि तपाईंको बच्चालाई उपयुक्त खोप सेवा प्रदान गर्न सकियोस्।

तपाईंको बच्चाको खोप तथा खोप सेवा व्यवस्थित गर्न उपयुक्त र आवश्यक पर्ने जानकारी मात्र संकलन गरिएको छ।

सम्भव भएसम्म तपाईं र तपाईंको बच्चाबाट सीधै जानकारी संकलन गरिन्छ। तपाईंको बच्चाको विद्यालय तथा तपाईंको बच्चालाई उपचार गर्ने अन्य स्वास्थ्यकर्मीहरूबाट जानकारी संकलन गर्न आवश्यक पर्न सक्छ। आपतकालिन अवस्थामा, परिवारको अन्य सदस्य, साथी, हेरचाह गर्ने व्यक्ति अथवा अन्य व्यक्तिबाट पनि जानकारी संकलन गर्न सकिनेछ जसले तपाईंको बच्चालाई सबैभन्दा राम्रो हेरचाह गर्न हामीलाई सहायता गर्न सक्छन्।

## संकलित जानकारीको सुरक्षा

व्यक्तिगत जानकारी विभिन्न तरीकाबाट राख्न सकिन्छ। साधारणतया, कागजमा लेखिएको मेडिकल रेकर्ड र/वा सुरक्षित कम्प्यूटराइज्ड डाटावेसमा विद्युतिय मेडिकल रेकर्डको रूपमा जानकारी राखिएको हुनसक्छ। सबै प्रकारका फरम्याट (format) मा राखिएका व्यक्तिगत जानकारी हराउन, अनाधिकारिक पहुँच र दुरुपयोग हुनबाट रोक्ने उद्देश्यले हामी कडा नियम र नीतिहरुको पालना गर्छौं।

## प्रयोग र खुलासा

तपाईंको वा तपाईंको बच्चाको व्यक्तिगत जानकारी एन.एस.डब्ल्यु.को पब्लिक हेल्थ सर्भिस (जन स्वास्थ्य सेवा) ले प्रयोग गर्न सक्छ वा तपाईंलाई उचित सेवा र उपचार दिने हेतुले स्वास्थ्य सेवा बाहिर खुलासा गर्न सक्छ। उदाहरणको लागि तपाईंको जानकारी तपाईंको डाक्टर, तपाईंको बच्चाको डाक्टर, उपचार गर्ने अर्को स्वास्थ्य सेवा वा अस्पताल, एन.एस. डब्ल्यु.को एम्बुलेन्स सेवा, सिफारिस गरिएको विशेषज्ञ डाक्टर, वा प्याथोलजी परीक्षणको लागि खुलासा गर्न सकिन्छ ताकि उनीहरुले उचितरुपले तपाईंको जानकारी प्रयोग गर्छन्। फन्डिङ्ग, योजना, सुरक्षा र गुणस्तर बढाउने क्रियाकलाप लगायत एन.एस.डब्ल्यु. स्वास्थ्य सेवाको कार्यान्वयन र हाम्रा बिरामीहरुको उपचार प्रयोजनहरुको लागि व्यक्तिगत जानकारी प्रयोग वा खुलासा गर्न सकिन्छ।

कानून बमोजिम सुचित गर्नु पर्ने रोगहरुको रिर्पोटिंग गर्न, मेडिकेयरलाई पूर्ण विवरण दिन र खोप तथ्याङ्कहरु रिपोर्टिङ्ग गर्नको लागि पालना गर्न व्यक्तिगत जानकारी स्टेट र कमनवेल्थ सरकारी एजेन्सीहरुलाई खुलासा गर्न आवश्यक पर्छ। तपाईंको बच्चाको हालको खोप विवरणसँग लिङ्क भएको एच.पि.भी. खोपको तथ्यांक अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (ए.आइ.आर.) मा अपलोड गरिन्छ र भविष्यको ए.आइ.आर. इम्युनाइजेशन हिस्ट्री स्टेटमेन्टहरूमा समावेश गरिन्छ। महिला विद्यार्थीसँग सम्बन्धित तथ्यांक भविष्यमा नेशनल सर्भिकल स्क्रीनिंग प्रोगाम रजिष्टरलाई पनि उपलब्ध गराइनेछ।

सेवाग्राही सन्तुष्टि सर्भेहरु र खोप सुरक्षा अनुगमन गर्ने सन्दर्भमा तपाईंलाई सम्पर्क गर्न पनि तपाईंको व्यक्तिगत जानकारी हामीले प्रयोग गर्न सक्छौं। सहभागिता स्वेच्छाले जनाउन सकिन्छ र सहभागिता नभए पनि त्यसले स्वास्थ्य सेवा दिने कुरामा असर पार्दैन।

## तपाईंको जानकारीमा पहुँच

हामीले राखेको तपाईं र तपाईंको बच्चाको व्यक्तिगत जानकारीमा पहुँचको लागि अनुरोध गर्न सक्नुहुन्छ। यदि तपाईंले आफ्नो व्यक्तिगत जानकारी अथवा मेडिकल रेकर्डको प्रतिलिपीहरु अनुरोध गर्नुभएमा शुल्क लाग्न सक्छ।

## थप जानकारी र हामीलाई सम्पर्क गर्न

तपाईंको व्यक्तिगत जानकारी कसरी व्यवस्थित गरिन्छ भनी थप जानकारीको लागि कृपया एन.एस.डब्ल्यु. हेल्थ प्राइभेसी म्यानुएल फर हेल्थ इन्फर्मेशन (NSW Health Privacy Manual for Health Information): health.nsw.gov.au/patients/privacy हेर्नुहोला।

यदि तपाईंको व्यक्तिगत जानकारीको गोपनियताको विषयमा प्रश्नहरू अथवा गुनासो छ भने कृपया स्थानीय जन स्वास्थ्य इकाई (public health unit) को 1300 066 055 मा सम्पर्क गर्नुहोस्।

October 2022 © NSW Health. SHPN (HP NSW) 220726-P-16